का.जि.प्र.का.द.नं. १००/०५२/६०
१ भदौ २०८३
सोमबार
17 August 2026
Monday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २०७। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



१० वर्षदेखि शवगृहमा अजित परिवारले खोज्यो पुनः फरेन्सिक जाँच

अजितको मृत्यु आत्महत्या थियो वा हत्या, यही प्रश्नको उत्तर खोज्दै मिजार परिवार १० वर्षदेखि राज्यका विभिन्न निकाय धाइरहेको छ। परिवारले अनुसन्धानका क्रममा भएका कमजोरी र पोस्टमार्टममा उठेका प्रश्नको पुनः परीक्षण हुनुपर्ने माग गर्दै आएको छ।

भावना पाठक/मध्यान्ह
काठमाडौं, ३१ साउन

अन्तरजातीय विवाहपछि रहस्यमय मृत्यु भएका काभ्रे-पाँचखालका अजित मिजारको शव त्रिवि शिक्षण अस्पतालमा थन्किएको १० वर्ष पूरा भएको छ। अस्पतालमा राखिएको उनको चिसो शरीरले सरकारबाट न्यानो न्यायको अपेक्षा गरिरहेको छ।

अजितको परिवारले यो १० वर्षमा छोरा मात्र गुमाएन, 'मेरो लागि राज्य छ है' भन्ने भरोसा पनि गुमायो। उनीहरूले आफ्ना कुरा राज्यलाई नसुनाएका हैनन्। राज्यले उनीहरूको कुरा नसुनेको पनि हैन। सुन्ने र सुनाउने सिलसिला आजसम्म चलिरहेको छ, तर न्याय कहिले पाइन्छ उनीहरू स्वयंलाई थाहा छैन।

अजितका बुबा हरिभक्त ढकाल (मिजार) र आमा काली मिजार गत साउन २२ गते फेरि सरकारलाई भेट्न पुगे। उनीहरूले महिला, बालबालिका तथा लैंगिक तथा यौनिक अल्पसंख्यकमन्त्री सीता बादी र सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी संसदीय दलका सचेतक प्रकाशचन्द्र परियारसँग भेट गरे।

उनीहरू प्रहरीले आत्महत्या भनेको अजितको शवको पुनः फरेन्सिक (विधि विज्ञान) परीक्षण गराउन चाहन्छन्। फरेन्सिक परीक्षणबाट अजितको मृत्यु कसरी भयो भन्ने सत्य थाहा हुने उनीहरूको विश्वास छ। सत्यतथ्य बाहिर नआइकन अजितको शव नबुझ्ने अडानकै कारण १० वर्षदेखि शव अस्पतालमै अड्किएको हो। भेटपछि सदाझैं न्यायको आश्वासन दिइयो, तर जुन माग मिजार परिवारको थियो, त्यो जहाँकोतहीं अल्झिएको छ।

सचेतक परियारले मिजार परिवारको पीडाप्रति पूर्ण सहानुभूति प्रकट गर्दै न्याय दिलाउने प्रक्रियामा राज्यका तर्फबाट आवश्यक सहयोग र पहल गर्ने आश्वासन दिएका छन्। 'पहुँचवादी र वर्चस्ववादीले कानुनलाई आफ्नो हातमा लिएर दलितमाथि गरेको शासनले समाजमा समता स्थापना हुन सकेन,' उनी भन्छन्, 'यस्तो प्रवृत्ति प्रहरी प्रशासनमा पनि छ, त्यो अगुवामा पनि छ, कर्मचारीतन्त्रमा पनि छ, यसले राम्रो परिणाम दिँदैन।'

कानुनले जुनसुकै जात र धर्म मान्नेलाई समान रूपमा देख्छ। तर, हाम्रो सामाजिक संरचनाले दलितलाई बढी प्रताडित गरेको रास्वपा सांसद प्रकाशचन्द्र परियार बताउँछन्। 'सरकार फेर्न सजिलो रहेछ, तर संस्कार फेर्न गाह्रो छ, हामीसँग जुन मानसिकता छ, सोचाइ छ त्यसलाई फेर्न सकेका छैनौं,' उनी भन्छन्, 'म यो परम्परालाई भत्काउने प्रयास गर्नेछु, राज्यसँग गुनासो बोकेर आएका अजितको परियारलाई न्याय दिलाउन कुनै कसर बाँकी रहँदैन।'

२०७३ साल असार ३० गते धादिङको गजुरीमा मृत भेटिएका अजितको शव »» पृष्ठ २ मा

मैले हार मानेँ भने १० वर्षदेखि शिक्षण अस्पतालमा बरफ भएर बसेको छोराले के भन्ला ? अजितजस्ता थुप्रै छोराछोरीका लागि लड्न बाँकी छ।

■ **हरिभक्त ढकाल (मिजार)**
अजितका बुबा

राज्यसँग गुनासो बोकेर आएका अजितको परियारलाई न्याय दिलाउन मबाट कुनै कसर बाँकी रहँदैन। यो हामी सबैको मुद्दा हो।

■ **प्रकाशचन्द्र परियार**
सचेतक, रास्वपा

हिन्दु धर्मतर्फ ढल्किँदै देउवा कांग्रेस

नेतृत्वमा शशांकको निरन्तरता

कांग्रेसको राष्ट्रिय भेलामा मैले लामो समयदेखि उठाउँदै आएको एजेन्डामा निर्णय भएको छ। मेरो मूल विषय समेटियो, अब नयाँ बहस अघि बढ्छ म खुसी छु।

■ **शंकर भण्डारी**
नेता, नेपाली कांग्रेस

धर्मका विषयमा वर्तमान संविधानले दिएको धार्मिक स्वतन्त्रताको व्यवस्थालाई अंगीकार गर्नुपर्छ।

■ **विमलेन्द्र निधि**
नेता

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, ३१ साउन

नेपाली कांग्रेसका निवर्तमान सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा करिब ६ महिनापछि नेपाल फर्किएर राजनीतिक सक्रिय छन्। उपचारका क्रममा सिंगापुर रहेका उनी बिहीबार नेपाल आएका थिए। शुक्रबार आफ्नो समूहले राखेको राष्ट्रिय भेलालाई सम्बोधन गरेका देउवाले आइतबार सोही भेलाको समापन गरे। सम्बोधनका क्रममा देउवाले आफू हिन्दु भएको प्रस्ट पारे। उनले भने, 'म हिन्दु, हुँ हिन्दु, हिन्दु।' देउवापक्षीय भेलाको मुख्य राजनीतिक एजेन्डा धर्मभन्दा पनि विशेष महाधिवेशन र त्यसबाट आएको गगन थापा नेतृत्वलाई अस्वीकार गर्ने नै थियो। तीन दिनसम्म चलेको छलफलले विशेष महाधिवेशनको नीति र नेतृत्व अस्वीकार गर्ने र वैदिक सनातन धर्मको एजेन्डासमेत पारित गरेको छ।

यो भेलाबाट कांग्रेसको इतर समूहले धर्मको विषयलाई खुला बहसमा बाहिर ल्याएको हो। आइतबार पाँचबुदे निर्णय गर्दै भेला सम्पन्न गरेको यो समूहले धर्मसम्बन्धी आफ्नो धारणा सार्वजनिक गरेको हो। जसअनुसार सनातन धर्मलाई राष्ट्रको पहिचानका रूपमा अघि बढाउने निर्णय गरेको छ। विशेष महाधिवेशनबाट नयाँ कार्यसमिति चयन भएपछि अहिले देउवा समूह पार्टीविहीन भएर भौंतारिएको छ। गगन थापाको नेतृत्वलाई »» पृष्ठ २ मा

ग्यास वितरणमा चुक्यो सरकार, भौंतारिँदै उपभोक्ता

ग्यासका लागि लाइनमा बसेर पालो कुर्दासमेत डिलरमा ग्यास नआएपछि उपभोक्ता निगमले तोकेको स्थानमै गएर ग्यासको लाइन लाग्न बाध्य भएका छन्। एक महिनाअघि देखि सुरु भएको ग्यासको समस्या समाधान गर्न सरकार चुकेको छ। डिलरमार्फत भन्दा पनि आफ्नै संयन्त्रलाई प्रयोग गर्दा वितरण प्रणाली नै बिग्रिएको छ।

समाचार पृष्ठ ८ मा

श्रमिक धेरै रहेका मुलुकमा 'सेल्टर हाउस' स्थापना गर्न एनआरएनएको आग्रह

■ **तिलोचन गौतम**/मध्यान्ह

विस्तृत समाचार
पृष्ठ ३ मा

वैदेशिक रोजगार विशेष

आजदेखि म्यानपावरबाट कामदार पठाउने कार्य ठप्प

मध्यान्ह संवाददाता
काठमाडौं, ३१ साउन

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सोमबारदेखि वैदेशिक रोजगारीमा श्रमिकको उडान नगराउन व्यवसायीहरूलाई आह्वान गरेको छ।

संघले आइतबार इजाजतवाला संस्थाहरूका नाममा आह्वानपत्र जारी गर्दै उक्त आग्रह गरेको हो। संघले गत साउन ७ गते सम्पन्न बृहत् व्यवसायी भेलाको म्यान्डेट तथा सोहीअनुसार साउन २२ गते पत्रकार सम्मेलनमार्फत घोषणा गरिएको चरणबद्ध संघर्षका कार्यक्रमबमोजिम यसअघि पूर्व तथा अन्तिम श्रम स्वीकृति, नयाँ विज्ञापन तथा भिसा स्ट्याम्पिङ रोक्दै श्रम स्वीकृति भएका श्रमिकको उडानका लागि दिइएको समयसीमा आइतबार साँझ समाप्त भएको बताएको छ।

संघले भनेको छ, 'भदौ १ गतेदेखि देशभरका मुख्य तथा शाखा कार्यालयहरू समेत बन्द गरी वैदेशिक रोजगारसम्बन्धी सम्पूर्ण काम-कारोबार तथा श्रमिकको उडान पूर्ण रूपमा बन्द गर्न गराउन सम्पूर्ण इजाजतवाला संस्थाहरूलाई सूचित गरिन्छ।'

संघले अघि बढाएको संघर्ष कुनै व्यक्ति, समूह वा तत्कालीन लाभ-हानिको विषय नभई व्यवसायीको पेशागत अस्तित्व, सम्मान, अधिकार र दीर्घकालीन भविष्यसँग जोडिएको निर्णायक अभियान भएको बताएको छ।

समस्या समाधानका लागि सरकार, मन्त्रालय, विभाग तथा सम्बन्धित »» पृष्ठ २ मा

मञ्चको अध्यक्षमा पुनः रावल, कार्यसमिति निर्विरोध

काठमाडौं/मस- प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालको अध्यक्षमा जनक रावल पुनः निर्वाचित भएका छन्। मञ्चको अधिवेशनमा अन्य उम्मेदवारहरूले आफ्नो उम्मेदवारी फिर्ता लिएपछि रावल अध्यक्ष पदमा निर्विरोध निर्वाचित भएका हुन्। अध्यक्ष पदमा उम्मेदवारी दिएका वैकुण्ठप्रसाद पौडेल (वैभव) र निवर्तमान महासचिव मिलन कट्टेलले उम्मेदवारी फिर्ता लिए। »» पृष्ठ २ मा

सम्पूर्ण इजाजतवाला संस्थाहरूलाई अत्यन्त महत्वपूर्ण आह्वान

आदरणीय व्यवसायीज्यूहरू,

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति २०८३ श्रावण ७ गते सम्पन्न बृहत व्यवसायी भेलाको म्यान्डेट तथा सोहीअनुसार श्रावण २२ गते पत्रकार सम्मेलन मार्फत घोषणा गरिएको चरणबद्ध संघर्षका कार्यक्रम बमोजिम यसअघि पूर्व-अन्तिम श्रम स्वीकृति, नयाँ विज्ञापन तथा भिसा स्ट्याम्पिड रोक्दै, जारी श्रम स्वीकृति भएका श्रमिकको उडानका लागि दिइएको समयसीमा समाप्त भएको छ। अत : भोलि भदौ १ गतेदेखि देशभरका मुख्य तथा शाखा कार्यालयहरू समेत बन्द गरी वैदेशिक रोजगार सम्बन्धी सम्पूर्ण काम-कारोबार तथा श्रमिकको उडान पूर्ण रूपमा बन्द गर्न गराउन सम्पूर्ण इजाजतवाला संस्थाहरूलाई सूचित गरिन्छ।

यो संघर्ष कुनै व्यक्ति, समूह वा तत्कालीन लाभ-हानिको विषय नभई; हाम्रो पेशागत अस्तित्व, सम्मान, अधिकार र दीर्घकालीन भविष्यसँग जोडिएको निर्णायक अभियान हो। सरकार, मन्त्रालय, विभाग तथा सम्बन्धित निकायसँग समाधानका लागि संवाद, समन्वय र वार्ताका ढोकाहरू खुला राख्दै निरन्तर पहल भइरहेको छ र संघ समाधानका लागि निरन्तर प्रयासरत रहनेछ। तर, हाम्रा जायज मागहरूको ठोस सम्बोधन, निर्णय र कार्यान्वयनको विश्वसनीय आधार नआएसम्म संघर्ष फिर्ता वा स्थगित गरिने छैन। त्यसैले कुनै पनि इजाजतवाला संस्थाले व्यक्तिगत सुविधा, तत्कालको लाभ वा अन्य कुनै बहानामा संघको निर्णयलाई कमजोर पार्ने गरी काम-कारोबार नगर्न नगराउनु हुन स्पष्ट रूपमा आह्वान गर्दछौं।

संघको आह्वान र निर्णयको अवज्ञा गरी लुकिछिपी वा वैकल्पिक माध्यमबाट कार्यलय वा कारोबार सञ्चालन गर्ने कुनै पनि संस्था वा व्यवसायीको सम्बन्धमा संघले आवश्यक अभिलेख राखी त्यस्ता संस्थालाई निकट भविष्यमा संघबाट आवश्यक सहयोग, संरक्षण तथा संस्थागत साथ उपलब्ध नहुने र यस संघर्षको अन्त्यमा आयोजना हुने व्यवसायीहरूको बृहत् समीक्षा भेलाबाट आवश्यक निर्णय तथा कारवाहीको प्रक्रिया अगाडि बढाइनेछ। अत : यस संघर्षलाई सामान्य कार्यक्रमका रूपमा नलिई व्यवसायिक क्षेत्रको शुद्धीकरण, पेशागत सम्मान र सुरक्षित भविष्य निर्माण गर्ने निर्णायक लडाइँका रूपमा ग्रहण गरी संघको निर्णयको पूर्ण पालना गर्नगराउन सम्पूर्ण इजाजतवाला संस्थाहरूमा हार्दिक आह्वान गर्दछौं।

हिरा बहादुर डाँगी (हरि)
महासचिव

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
सिफल-७, काठमाडौं, फोन नं. ०१- ४५५०५६५/४५५४४१८

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

‘युवाले तथ्य र तर्कमा आधारित राजनीतिक धारणा बनाउनुपर्छ’

काठमाडौं/मस– पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले युवाले अध्ययन, संवाद र बहसबाट तथ्य तथा तर्कमा आधारित राजनीतिक धारणा बनाउनुपर्ने बताएकी छन् ।

मदन भण्डारी आइडोलोजी स्टुडेन्ट फोरमले आइतबार आयोजना गरेको कार्यक्रममा बोल्दै भण्डारीले आफूभन्दा फरक विचार राख्नेहरूलाई समेत सम्मान गर्न युवालाई आग्रह गरिन् । लोकतन्त्रको शक्ति आफूले राखेको विचार मात्र स्थापित गर्नुमा नभई फरक मतलाई सम्मानपूर्वक सुन्ने तथा तर्क र तथ्यका आधारमा आफ्नो दृष्टिकोण निर्माण गर्ने संस्कारमा रहेको उनको भनाइ थियो ।

उनले सामाजिक सञ्जाल, सूचना प्रविधि र विश्वव्यापी सम्पर्कका कारण आजको पुस्ता विगतका पुस्ताभन्दा बढी सूचना सम्पन्न भएको बताइन् । तर धेरै सूचना हुनु र सही ज्ञान हुनु फरक विषय भएको उनको भनाइ थियो। सूचनालाई तथ्यसँग, भावनालाई विवेकसँग र आलोचनालाई रचनात्मकतासँग जोड्ने क्षमता युवाका लागि आवश्यक रहेको उनले बताइन् ।

भण्डारीले राजनीतिमा युवाको सहभागिता अपरिहार्य रहेको बताउँदै निर्वाचनका समयमा मत माग्ने वा दिने कार्यमा मात्र युवालाई सीमित गर्न नहुनेमा जोड दिइन् । समाज बुझ्ने, जनताको आवाज सुन्ने, नीति निर्माणमा भूमिका खोज्ने तथा देशको विकास र परिवर्तनमा रचनात्मक योगदान गर्ने निरन्तर प्रक्रियाका रूपमा युवाको राजनीतिक सहभागिता अझ बढ्नुपर्ने उनको भनाइ थियो ।

‘कुनै पनि राजनीतिक विचार समयसँगै विकसित हुँदै जानुपर्छ। त्यसैले तपाईंहरू आफ्नो जिज्ञासा राख्नुस्, अध्ययन गर्नुस्, आफ्ना विचार व्यक्त गर्नुस्, अरूका विचार पनि सुन्नुस् र संवाद तथा बहसबाट आफ्नो धारणा निर्माण गर्नुहोस्,’ उनले भनिन् ।

उनले लोकतन्त्रको शक्ति आफूले भनेको कुरा मात्र स्थापित गर्नुमा नभई फरक विचारलाई सम्मानपूर्वक सुन्ने र तर्क तथा तथ्यका आधारमा आफ्नो दृष्टिकोण निर्माण गर्ने संस्कारमा रहेको बताइन् । मदन भण्डारीको राजनीतिक यात्राबाट नयाँ पुस्ताले महत्वपूर्ण कुरा सिक्न सक्ने उल्लेख गर्दै भण्डारीले राजनीति जनताबाट अलग भएर गर्न नसकिने बताइन् । मदन भण्डारीले जनताको भावना, आकांक्षा र वास्तविकतालाई राजनीतिक विचारसँग जोड्ने प्रयास गरेको भन्दै उनले आजको पुस्ताले पनि आफ्नो समयका जनताको भावना, आकांक्षा र आवश्यकतालाई बुझेर देश र समाजलाई अघि बढाउने बाटो पहिल्याउनुपर्ने बताइन् ।

भण्डारीले मदन भण्डारीका विचारलाई नयाँ पुस्ताले समय र बदलिँदो सामाजिक परिवेशसँग जोडेर अध्ययन तथा आत्मसात गर्नुपर्ने बताइन् । लोकतन्त्रलाई थप प्रभावकारी र जनमुखी बनाउने, राज्यका संस्थालाई जवाफदेही तथा सक्षम बनाउने, राजनीतिमा युवाको सहभागिता र विश्वास बढाउने तथा शिक्षा र रोजगारीका अवसर विस्तार गर्ने विषयमा युवाले गम्भीर बहस गर्नुपर्ने उनको भनाइ थियो ।

देशमा परिवर्तनका अपेक्षा उच्च रहेको र युवामा नयाँ सोच तथा केही नयाँ गर्ने ऊर्जा रहेको उल्लेख गर्दै उनले उक्त ऊर्जा र उत्साहलाई देश तथा समाजको सकारात्मक परिवर्तनमा रूपान्तरण गर्नुपर्नेमा जोड दिइन् । उनले युवालाई लोकतन्त्रप्रति प्रतिबद्ध, सामाजिक न्यायप्रति संवेदनशील, राष्ट्रिय हितप्रति सचेत, अध्ययनशील र जिम्मेवार नागरिक बन्न आग्रह गरिन् । नयाँ पुस्ताले नै देशको सुदृढ र उज्ज्वल भविष्य निर्माण गर्ने उनको भनाइ थियो ।

भारतका स्थल सेनाध्यक्ष सेठ काठमाडौंमा

काठमाडौं/मस– प्रधान सेनापति अशोकराज सिग्देलको औपचारिक निमन्त्रणामा मित्रराष्ट्र भारतका स्थल सेनाध्यक्ष जनरल धीरज सेठ चारदिने भ्रमणको सिलसिलामा आइतबार काठमाडौं आइपुगेका छन् ।

पाँच सदस्यीय भ्रमण दलमा उहाँकी धर्मपत्नी कोमल सेठ पनि सहभागी छन् । उनीहरूलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बलाधिकृत रथी प्रदीपजंग केसी र उहाँकी धर्मपत्नीले स्वागत गरेका सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

भ्रमणका क्रममा सेनाध्यक्ष सेठलाई आगामी भदौ १ गते राष्ट्रपति भवन शीतल निवासमा आयोजना गरिने विशेष समारोहका बीच राष्ट्रपति रामचन्द्र पौडेलबाट नेपाली सेनाको मानार्थ महारथीको दर्जा प्रदान गर्ने कार्यक्रम रहेको छ । मित्रराष्ट्रका उच्चपदस्थ सैनिक अधिकारीको यस किसिमको भ्रमणले दुई देशबीचको सैनिक सम्बन्धलाई अझ विस्तार एवं प्रगाढ बनाउन थप मद्दत पुग्ने नेपाली सेनाले जनाएको छ ।

खोटाङमा स्थानीय तहको संख्या र सीमा हेरफेर गरिँदै

खोटाङ/मस– जिल्लामा गाउँपालिका, नगरपालिका तथा वडाको संख्या र सीमा हेरफेरसम्बन्धी छलफल सुरु भएको छ ।

गत असार ४ गते नेपाल सरकारको राजपत्रमा प्रकाशित मापदण्डअनुसार जिल्ला समन्वय समितिको पहलमा गाउँपालिका, नगरपालिका र वडाको संख्या तथा सीमाना हेरफेर, एकापसमा गाभिने र नगरपालिका वर्गीकरणको पुनरावलोकनसम्बन्धी सरोकार भएका निकायसँग छलफल थालिएको हो ।

जिल्ला समन्वय समितिले साउन ३० गते दिक्तेलमा छलफल आयोजना गरेर जिल्लाका राजनीतिक दल, स्थानीय सरकारका प्रमुख तथा प्रतिनिधि, सरोकार भएका निकायका प्रतिनिधिलगायतसँग स्थानीय तहको सीमाना र सङ्ख्याको पुनःसंरचनाका लागि प्रारम्भिक छलफल थालेको छ । पहिलो दिनको छलफलमा स्थानीय तहको सङ्ख्या तथा सीमाना हेरफेरसम्बन्धी मापदण्डका विषयमा प्रारम्भिक अध्ययन गरिएको जिल्ला समन्वय समितिका प्रमुख सनबहादुर राईले बताए ।

जिल्ला समन्वय समितिका प्रमुख संयोजक रहेको अध्ययन समितिले सरोकार भएका निकायका प्रतिनिधिसँग बहस र छलफल गरेसँगै स्थलगत अध्ययन गर्ने र विज्ञको सहयोगमा मापदण्डअनुसार काम टुंग्याउने उनले बताए । उनका अनुसार १० स्थानीय तह रहेको खोटाङमा दुई नगरपालिका, आठ गाउँपालिका छन् भने ७९ वटा वडा छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रतिनिधिले बाहेक जिल्लाका अधिकांश राजनीतिक दलका नेताले तत्कालका लागि जिल्लाको नगरपालिका, गाउँपालिका र वडाको संख्या घटाउन नहुने प्रतिक्रिया दिए पनि कुनै वडाको अपायक क्षेत्रलाई टुर्क्याएर पायक पर्ने अर्को वडा वा पालिकामा गाभ्न सकिने राख्नुभएको राईले जानकारी दिए ।

बैठकमा सहभागी नेताहरूले वडालाई घटाउनुको सट्टा आवश्यकताको आधारमा टुर्क्याएर दुई वटा वडा बनाउन पहल गर्नुपर्ने धारणा राखे ।

नागपञ्चमी पर्व मनाइँदै

काठमाडौं/मस– नागपञ्चमी पर्व आज देशभर विभिन्न धार्मिक तथा सांस्कृतिक विधिपूर्वक मनाइँदैछ । परम्पराअनुसार नागको पूजा-आराधना गरी घरको मूलढोकामाथि नागको चित्र टाँसेर यो पर्व मनाउने गरिन्छ ।

काठमाडौं उपत्यकाका ऐतिहासिक चोक, मन्दिरका पाटी-पौवा र घरका आँखीझ्यालका कापहरू नागका बहुरंगी चित्रले सजिएका छन् । काठमाडौंका असन, इन्द्रचोक, पाटनको मंगलबजार तथा भक्तपुरका प्राचीन गल्लीहरूमा नागका चित्र र पूजा सामग्रीको किनबेचसँगै पर्वको रौनक बढेको छ ।

काष्ठकलाले कुँदिएका प्राचीन मन्दिरका थाममुनि र राता इँटाका पेटीमा पसलेहरूले नागका रंगीविरंगी चित्र सजाएर राखेका छन् । परम्पराअनुसार नागको चित्र घरको मूलढोकामाथि टाँसेर वर्षभर पारिवारिक सुख, शान्ति तथा दैवी विपत्तिबाट सुरक्षा प्राप्त हुने धार्मिक विश्वास छ । नागको चित्र टाँस्दा नाग, सर्प र बिच्छीलगायतका जीवबाट दुःख नपाउने तथा अग्नि, मेघ र चट्याङको भयबाट समेत बच्न सकिने विश्वास रहँदै आएको छ ।

नागपञ्चमीका दिन घरको मूलढोकामा नाग टाँस्न गाईको गोबर र हरियो दुबोलाई प्राकृतिक लेपका रूपमा प्रयोग गर्ने परम्परा पनि छ । गोबरलाई धन तथा शुद्धताको प्रतीक र दुबोलाई अमरता तथा वंशवृद्धिको प्रतीकका रूपमा लिइन्छ । प्रकृति र मानवबीचको सम्बन्धलाई सम्मान गर्ने पर्वका रूपमा समेत नागपञ्चमीलाई लिने गरिन्छ । कृषिप्रधान समाजमा नागपञ्चमीको व्यावहारिक महत्वसमेत रहेको मानिन्छ । बर्खायाममा अन्नबालीमा क्षति पुऱ्याउने मुसा तथा अन्य हानिकारक जीवलाई सर्पले नियन्त्रण गर्ने भएकाले सर्पलाई किसानको मित्रका रूपमा सम्मान गर्ने परम्परा विकास भएको बताइन्छ ।

१० वर्षदेखि...

परिवारलाई थाहै नदिई प्रहरीले आफूखुसी गाडेपछि घटनाले अर्कै मोड लिएको थियो । परिवारलाई थाहै नदिई प्रहरीले कसरी लासको सनाखत गऱ्यो भन्ने प्रश्न त्यो बेला पनि उठेको थियो । आज पनि उनको परिवार यसैको उत्तर खोजिरहेको छ । ‘यदि त्यो हत्या थिएन भने प्रहरीले हतार-हतार लास किन गाड्यो ?’ हरिभक्त प्रश्न गर्छन् ।

छोराको शव फेला परेको थाहा पाएपछि परिवार काभ्रेबाट धादिङ पुग्यो । त्यहाँ पुग्दा प्रहरीले अजितको शव गाडिसकेको बतायो । ‘एक हप्तासम्म पोस्टमार्टम गर्न पनि कुर्नुपर्छ,’ हरिभक्त भन्छन्, ‘प्रहरीले त त्यो पनि कुरेनछ, मैले छोरालाई गाडेको ठाउँबाट निकालेर त्रिवि शिक्षण अस्पताल ल्याएको हुँ, अहिले पनि छोराको शव त्यहीं छ ।’

प्रहरीले आत्महत्याबाट अजितको मृत्यु भएको बतायो । छोराले झुन्डिएर आत्महत्या गरेको प्रहरीको रिपोर्टलाई उनी सत्य मान्न तयार छैनन् । युवती पक्षबाट ज्यान मार्ने धम्की पटकपटक आइरहने गरेकाले यसको छानबिन नभएसम्म छोराको लास नजलाउने उनीहरूको अडान छ । ‘हाम्रो दाहसंस्कार होला, तर न्याय नपाएसम्म अजितको अन्त्येष्टि हुँदैन,’ हरिभक्तले भने ।

अजितको शवको पटक-पटक पोस्टमार्टम भएको छ । झुन्डिएको अवस्थामा मृत भेटिएका अजितको अनुहार कालो-निलो भएको थियो । कपाल खुइलिएको थियो । तर, पोस्टमार्टममा त्यसबारे परीक्षण नै भएको थिएन । पोस्टमार्टममा संलग्न डा. रिजेन श्रेष्ठले ‘मृतकको शरीरमा घाउचोट थिए, नीलडाम थिए’ भनी बयान दिएका थिए । डा.अमृता श्रेष्ठले पनि ‘शरीरमा घाउचोट थिएन, तर मृतकको अनुहार नीलो थियो’ भनी बयान दिएकी थिइन् ।

‘यी सबै कुरालाई नजरअन्दाज गरेर पीडककै पक्षमा फैसला हुनु भनेको हाम्रा लागि न्याय मरेसरह हो । जातकै कारण छोरो मऱ्यो, जातकै कारण न्याय पाइएन,’ हरिभक्तले भने ।

‘अजितको शरीर क्षतविक्षत भएको भनेर बाहिर रिपोर्ट आयो, तर उसले लगाएको सर्टको टाँकसमेत खोलिएको थिएन,’ हरिभक्त भन्छन्, ‘पोस्टमार्टम नै नगरी हचुवाका भरमा रिपोर्ट बनाएर हत्यालाई आत्महत्या भनियो ।’

अहिले मुद्दा सर्वोच्चमा चलिरहेको छ । मुद्दाको फैसला हुनुअघि अजितको शवको फरेन्सिक परीक्षण हुनुपर्ने परिवारको माग छ । फरेन्सिक परीक्षणले सत्य तथ्य पत्ता लाग्ने परिवारको विश्वास छ । ‘यहाँबाट न्याय नपाए अन्तर्राष्ट्रिय न्यायालय जान्छु,’ उनले भने, ‘न्यायबिना छोराको अन्तिम संस्कार गर्दिनँ ।’

अजितको मृत्युपछि सडक र सदनमा कुरा नउठेको हैन । ‘दलितलाई खै’ अभियान चलाइरहेका अभियन्ता खगेन्द्र सुनारले त्यतिबेला अजितले न्याय नपाए अपराधीलाई आफैंले सजाय दिने उद्घोषसमेत गरेका थिए । अहिले उनी संघीय सांसद बनेका छन् । उनकै पार्टी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को सरकार बनेको छ । ‘सडकमा हुँदा त न्याय दिलाउँछु भन्नुहुन्थ्यो, सदन र सरकारलाई पनि उहाँले दबाब दिनुहुन्छ भन्ने आशा छ,’ उनले भने ।

‘अहिले युवाको सरकार छ,’ हरिभक्त भन्छन्, ‘मलाई त बालेन सरकारबाट पनि ठुलो अपेक्षा छ ।’ हरेक सरकार बन्दा अजितको परिवार न्याय माग्न काभ्रेबाट काठमाडौं आइपुगेको छ । यो सरकार बनेपछि पनि माइतीघरमा उनीहरूले ‘हाम्रो छोराले न्याय कहिले पाउँछ सरकार ?’ भनेर प्रदर्शन गरेका थिए ।

यस्तो थियो घटना

घटना २०७३ सालको हो । काभ्रेकै कल्पना पराजुली नाम गरेकी किशोरी र अजितले असार २५ गते प्रेम विवाह गर्छन् । विवाह गरेको पाँच दिनमै उनीहरूको प्रेम दुर्घटनामा पर्छ । असार ३० गते धादिङको परेवाटारमा अजितको शव भेटिन्छ । त्यो दिनबाट सुरु भएको उनीहरूको दुःख आज पनि उस्तै छ ।

केटीको परिवारलाई आफ्नी छोरीले कथित अछुत जातका केटासँग सम्बन्ध बनाएको पटक्कै मन पर्ररहेको थिएन । उनीहरू कुनै पनि हालतमा यो सम्बन्ध छुटाउने पक्षमा थिए । विवाहपछि अजित र कल्पना भक्तपुरस्थित अजितकी दिदीको घरमा पुगेका थिए ।

यता, अजितको परिवारलाई केटीपक्षले लगातार धम्की दिन थाले । ‘छोरा कहाँ छ, झिकाउनुपऱ्यो’ यो बोलीले आज पनि हरिभक्त र कालीलाई तर्साउँछ । २०७३ असार २६ गते बिहान स्थानीय रमेशप्रसाद काफ्ले कल्पनाका बुबा भोजबहादुर पराजुलीलाई लिएर हरिभक्तको घरमा पुगेका थिए । उनीहरूले ‘छोरोलाई कहाँ लुकाइस्, कता छ झिकाइहाल्, नत्र राम्रो हुँदैन’ भन्दै धम्की दिन थाले ।

घरैमा आएर थर्काएर फर्किएका भोजबहादुरसँग असार २७ गते पाँचखाल प्रहरी चौकीमा भेट्ने कुरा भयो । २७ गते उनीहरू प्रहरी कार्यालय पुगे । प्रहरीले बिहे गर्न केटा र केटी दुवैको उमेर नपुगेको भन्दै उनीहरूलाई घर फर्काउने सहमति गरायो । त्यसको तीन दिनपछि अजित धादिङको परेवाटारस्थित विश्रामस्थलमा झुन्डिएको अवस्थामा मृत फेला परे ।

प्रहरी चौकीमा भेटेको दिन कल्पनाकी दिदी सम्झनाले भनेकी थिइन्, ‘जति पैसा खर्च गरेर पनि अजितलाई माटोमाथि हिँड्न दिन्नँ ।’ प्रहरी चौकीबाट घर आएपछि अजित र उनको परिवारलाई अपरिचित व्यक्तिहरूबाट धम्की आउन थाल्यो । ‘नयाँ-नयाँ नम्बरबाट फोन आउने, धम्की दिने हुँदा पनि अजितले कल्पनालाई छाड्न आँट गरेन’ अजितकी आमा भन्छिन् । असार २९ गते कल्पना र अजितले भेट्ने कुरा गरेको पनि परिवार बताउँछ ।

कल्पनाले ‘म २९ गते जसरी भए पनि यहाँबाट भागेर आउँछु’ भनेका कारण अजित मोबाइल घरमै छाडेर बाहिर निस्किएका थिए । त्यसपछि अजित बेपत्ता भए । बेपत्तापछि उनको शव झुन्डिएको अवस्थामा फेला परेको थियो ।

छोरो हराएपछि आमा काली उनलाई खोज्न तामाघाट बजार पुगेकी थिइन् । मासुपसलका एकजनाले धादिङमा एकजना झुन्डिएको फोटो मोबाइलमा आएको छ, त्यही त होइन भनेको याद छ, कालीलाई । ‘त्यति टाढा जान मेरो छोरासँग पैसा नै थिएन, कहाँ जान्छ, ‘होइन’ भनें,’ उनी भन्छिन्, ‘पछि झुन्डिएको फोटो देखाउनुभयो । जुत्ता, कपडाले चिन्यौं, अजितै रहेछ ।’

अजितको शव भेटिएपछि हरिभक्तले केटी पक्षविरुद्ध जाहेरी दिएका थिए । भदौ २० गते प्रहरीले उनीहरूलाई पक्राउ गरी कर्तव्य ज्यान मुद्दा चलायो । तर, जिल्ला अदालत धादिङले उक्त मुद्दामा २०७५ जेठ २० गते विनोद भनिने टेकबहादुर पराजुली, ध्रुव भनिने भोजबहादुर पराजुली र सम्झना पराजुलीलाई सफाइ दियो ।

जिल्ला अदालतको फैसला जिल्ला चित्त नबुझेपछि उनीहरू उच्च अदालत गए । उच्च अदालत पाटनले पनि जिल्ला अदालतकै फैसला सदर गरेको थियो । उच्च अदालतले २०७९ वैशाख १२ गते दोषीलाई उन्मुक्ति दिने गरी फैसला गरेपछि मुद्दा सर्वोच्च पुगेको बुबा हरिभक्त बताउँछन् । यो मुद्दा अहिले सर्वोच्च अदालत पुगेको छ ।

‘न्यायालयको विश्वास छैन, तर म प्रतिरोध गरिरहन्छु, यो लडाइँ अब मेरो मात्र रहेन, ६० लाख दलितहरूको हो,’ ‘उनी भन्छन्, ‘ अब मैले हार मानें भने १० वर्षदेखि शिक्षण अस्पतालमा बरफ भएर बसेको छोराले के भन्ला ?’ अजितजस्ता थुप्रै छोराछोरीका लागि लड्न बाँकी रहेको उनी बताउँछन् ।

हिन्दु...

अस्वीकार गर्दै समानान्तर गतिविधि गर्दै आइरहेको देउवा समूहले शंशाक कोइरालालाई नेतृत्वका रूपमा अघि बढाएको छ ।

राष्ट्रिय भेलामा हिन्दु राष्ट्रका पक्षमा उभिनुपर्ने नेता शंकर भण्डारीको प्रयास थियो । बिपीको राष्ट्रियता र मेलमिलापको नीतिलाई समर्थन गर्ने अडानसाथ संवैधानिक राजसंस्थासहितको हिन्दु राज्यका पक्षमा उनले लामो समयदेखि अभियान नै चलाएका छन् । कांग्रेस भेलामा पनि यो मुद्दामा अडिग देखिएका भण्डारीलाई विमलेन्द्र निधी, डा.प्रकाशशरण महतलगायत नेताहरूले वैदिक सनातन धर्मको पक्षमा मोडेका हुन् । नेता निधीले संविधानमा उल्लिखित धार्मिक स्वतन्त्रताको पक्षबाट दायाँ-बायाँ हुन नसक्ने जिकिर गरेपछि केही भनाभनको स्थिति नै बनेको थियो ।

यद्यपि, नेताहरूबीचको छलफलपछि ‘वैदिक सनातन धर्म’लाई राष्ट्रिय पहिचानका रूपमा अघि बढाउन सहमत भए । ‘नेपालको सनातनदेखि चलिआएको धर्म-संस्कृति हाम्रो राष्ट्रिय पहिचान पनि हो,’ निर्णयको तेस्रो बुँदामा उल्लेख छ, ‘नेपालमा रहिआएको धार्मिक सहिष्णुता, सामाजिक सद्भाव र हरेक व्यक्ति र धार्मिक समुदायको आफ्नो धर्म मान्ने धार्मिक स्वतन्त्रतालाई सुनिश्चित गरी चलिआएका हिन्दु, बौद्ध, किराँत र प्राकृत धर्मको संरक्षण गर्ने दायित्वलाई दृष्टिगत गरी सनातन धर्मलाई राष्ट्रको पहिचानका रूपमा अघि बढाउने प्रतिबद्धता गर्नेछ ।’ जेनजी आन्दोलनपछि फेरिएको राजनीतिक कोर्सपछि धर्मको विषयसमेत बहसमा आएको हो । कांग्रेस नेता शंकर भण्डारी लामो समयदेखिको आफ्नो एजेन्डामा निर्णय भएको बताउँछन् । ‘कांग्रेसको राष्ट्रिय भेलामा मैले लामो समयदेखि उठाउँदै आएको एजेन्डामा निर्णय भएको छ । मेरो मूल विषय समेटियो, अब नयाँ बहस अघि बढ्छ, म खुसी छु ।’

पूर्वसभापति शेरबहादुर देउवालाई केही नेताले हिन्दु राष्ट्रका विषयमा बोल्न आग्रह गरेपछि देउवाले भाषणमा पटक-पटक आफू हिन्दु भएको बताएका थिए । तर, देउवा हिन्दु राष्ट्रको पक्षमा भने खुलेनन् । लामो समयदेखि सनातन हिन्दुराज्यको अभियानमा लागेका नेता शंकर भण्डारी आधिकारिक रूपमै सनातन हिन्दु राज्यको प्रस्ताव पारित गर्नुपर्ने अडानमा थिए । भेलाको लिखित निर्णयमा हिन्दु राष्ट्रको पक्षधरता लिने कि नलिने भन्ने विषयमा नेताहरू विमलेन्द्र निधी र प्रकाशशरण महतले भने धर्मका विषयमा मौन रहेर वर्तमान संविधानले दिएको व्यवस्थालाई अंगीकार गर्नुपर्ने बताए । यस विषयमा नेताहरूबीच कुरा नमिलेपछि हिन्दु राष्ट्रको एजेन्डा भने पारित भएन ।

देउवाकै नेतृत्वमा महाधिवेशन गर्ने निष्कर्ष

नेपाली कांग्रेस संस्थापनइतर समूहको राष्ट्रिय सम्मेलनले १४औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिको आयोजनामा १५औं महाधिवेशन गर्ने निष्कर्ष निकालेको छ । शुक्रबार सुरु भएर आइतबार सम्पन्न सम्मेलनले पाँचबुँदे निर्णय गर्दै देउवालाई नै सभापतिको हैसियतमा फर्काएको हो । देउवाकै सभापतित्वमा १५औं महाधिवेशन सम्पन्न हुने र उनकै नेतृत्वमा पार्टी एकताबद्ध भई महाधिवेशन सम्भव हुने निर्णयमा उल्लेख छ ।

तीन दिनसम्म चलेको भेलामा प्रदेशस्तरीय सामूहिक छलफलपछि साझा निष्कर्ष निकाल्ने नेताहरूले बताएका छन् । भेलाले विशेष महाधिवेशनको वैधानिकता र औचित्यपूर्ण नरहेको निष्कर्ष निकालेको नेता महतले बताए । वर्तमान संविधानमा जनअपेक्षाबमोजिम आवश्यक संशोधन गर्न संविधानमा भएको व्यवस्थाअनुसार नै सम्बन्धित सबैसँग संवाद गरी निकास दिइने पनि अर्को निर्णयमा उल्लेख छ । भेला आयोजक समितिका संयोजक डा.कोइरालाले कांग्रेस पार्टीलाई एकताको बाटोमा लैजान आफ्नो भूमिका रहने बताए । ‘म पार्टी फुटबाट बचाउन आएको हो,’ उनले भने, ‘कांग्रेस फुट्दैन, फुटाउन दिइँदैन ।’

भेला समापन समारोहमा वर्तमान कार्यवाहक सभापति खड्का र नेता डा.शेखर कोइराला भने पुगेनन् । जेनजी आन्दोलनपछि सभापति देउवाले आफू राजनीतिबाट विश्राम लिने भन्दै पूर्णबहादुरलाई कार्यवाहक सुम्पिएका थिए । तर, केही समयपछि महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले विशेष महाधिवेशन गरेर नयाँ नेतृत्व चयन गरे । त्यससँगै कांग्रेसमा अनौपचारिक विभाजन आएको थियो ।

इतरको नेतृत्व शशांकलाई

संस्थापनइतर समूहको नेताको जिम्मेवारी राष्ट्रिय भेलाका संयोजक एवं पूर्वमहामन्त्री डा.शशांक कोइरालालाई नै निरन्तरता दिने निर्णय गरेको छ । कांग्रेस नेता डा.प्रकाशशरण महतले मध्यान्हसँग भने, ‘सभापति शेरबहादुर देउवालगायत नेताहरूसँगको समन्वयमा काम गर्ने जिम्मेवारी सुम्पिएका छौं । १५औं महाधिवेशनको तयारी गर्नेसम्मको समन्वयात्मक भूमिका कोइरालालाई दिने निर्णय भएको हो ।’

इतरपक्षको नेतृत्व पूर्णबहादुरले गरिरहे पनि अब उप्रान्त संस्थापनइतर समूहको नेता शशांक कोइराला हुने भएका हुन् । योसँगै कार्यवाहक सभापतिको हैसियतमा रहेका नेता पूर्णबहादुर खड्काको जिम्मेवारी स्वतः सकिएको छ ।

भेलाले देश अप्ठ्यारो अवस्थामा रहेको निष्कर्षसहित २०३३ सालमा बिपीले लिएको मेलमिलापको बाटो अपनाएर राष्ट्रिय एवं लोकतन्त्रवादी शक्तिहरूसँग संवाद गरी राष्ट्रियता, लोकतन्त्रको सुदृढीकरणका लागि क्रियाशील रहने निर्णय गरेको छ ।

आजदेखि...

निकायसँग संवाद, समन्वय र वार्ताका ढोकाहरू खुला राख्दै निरन्तर पहल भइरहेको भन्दै संघले समस्या समाधानका लागि निरन्तर प्रयासरत रहने बताएको छ । तर, जायज मागहरूको ठोस सम्बोधन, निर्णय र कार्यान्वयनको विश्वसनीय आधार नआएसम्म संघर्ष फिर्ता वा स्थगित नगरिने संघले जनाएको छ ।

संघको आह्वानका बाबजुद केही व्यवसायीले जरुरी परेको भन्दै केही श्रमिकको अन्तिम स्वीकृति लिएका छन् । उनीहरूलाई नउडाउन भन्दै संघले इजाजतवाला संस्थाहरूलाई व्यक्तिगत सुविधा, तत्कालको लाभ वा अन्य कुनै बहानामा संघको निर्णयलाई कमजोर पार्ने गरी काम-कारोबार नगर्न, नगराउन पनि आह्वान गरेको छ ।

मञ्चको ...

खुला उपाध्यक्षमा दलवीर भण्डारी र डण्डपाणि भट्टराई (दिलीप), महिला उपाध्यक्षमा सरिता घले निर्वाचित भए भने महासचिवमा सोम बहादुर तामाङ (सोम लामा) निर्वाचित भए । उक्त पदका उम्मेदवार राजेन्द्र अधिकारीले उम्मेदवारी फिर्ता लिए ।

उपमहासचिवमा शिवहरि मैनाली (शितल) निर्वाचित भएका छन् । मोहनप्रसाद आचार्यले उक्त पदमा दिएको उम्मेदवारी फिर्ता लिए ।

सचिवमा अर्जुन बुढा मगर र जनक पौडेल (रोहन) निर्वाचित भए । उक्त पदमा उम्मेदवारी दिएका राजेन्द्र बस्नेतले उम्मेदवारी फिर्ता लिए । एक सचिवपछि मनोनीत गर्ने बताइएको छ ।

कार्यसमिति सदस्यमा राजेन्द्रसिंह ठगुन्ना, ओमप्रकाश गुप्ता, सुवास सुनार ,जगन नाथ अधिकारी सुरज धितोल, रुवि लम्साल, युवराज ढकाल, विष्णुप्रसाद आचार्य, युवराज देवकोटा, रविन घिमिरे तिलकध्वज कट्टेल र कृष्णभक्त श्रेष्ठ पनि निर्विरोध निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ ।

अध्यक्षका उम्मेदवार कट्टेलले संगठनको आवश्यकता महसुस गरेर उम्मेदवारी फिर्ता लिएर निर्विरोध निर्वाचन हुने वातावरण बनाएको बताए ।

गेलालले त्यागे मञ्च

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालका पूर्वअध्यक्ष नरेश गेलालले मञ्चको आबद्धता त्यागेको घोषणा गरेका छन् ।

पूर्वअध्यक्ष गेलालले पछिल्लो केही समय मञ्चको जिम्मेवार पदमा रहिरहेका साथीहरुबाटै आफ्नो आत्मसम्मानमा चोट पुऱ्याउने खालका टिकाटिप्पणी भएको र स्थापनाकालदेखिकै सदस्यको रुपमा रहेको व्यक्तिको समेत आवश्यकता महसुस हुन छोडेकाले मञ्चको आबद्धता त्यागेको राजीनामा पत्रमा उल्लेख गरेका छन् ।

गेलाल मञ्च स्थापनाकालदेखि नै संस्थापक सचिवको जिम्मेवारी लिई पछि महासचिव, अध्यक्षलगायतको पदीय जिम्मेवारीमा रहेका थिए ।

मध्यान्ह दैनिक
www.madhyanhadaily.com

पहिरोको वितण्डा

रोल्पामा बस्ती बगायो जाजरकोटमा उठिबास

रोल्पामा चार दिनमा पहिरोले पुरेर २० जनाको मृत्यु, १ जना बेपत्ता

जाजरकोटमा दुई दिनमा पहिरोका कारण ४ जनाको मृत्यु, साढे तीन सय परिवार विस्थापित

सपना बोहरा/मध्यान्ह
काठमाडौं, ३१ साउन

साँझ ६ बजिसकेको थियो । एक घण्टामात्रै झमझम वर्षा भएको थियो गत बुधबार रोल्पाको थवाङ गाउँपालिका-५ उवा कोटलबारा गाउँमा । वर्षा रोकिएको निधो भएपछि खाना खाएर दिनभरको थकान मेट्ने तयारीमा थिए । वर्षाको समयमा भए पनि पानी रोकिएकाले ढुक्कले सुत्ने तयारीमा थिए । गाउँमा बाढी पस्ने सम्भावना थिएन । पहिरो जानको लागि त्यति ठुलो पहाड थिएन । तर, त्यो दिन कसैले कल्पना नगरेको घटना भयो ।

रातको ८ बज्नै लागेको थियो । गाउँका सबैजना सुत्ने तरखरमा थिए । कोटलबारा गाउँको सिरानबाट एक्कासि लेदोसहितको भेल खसेको आवाज आयो । गाउँका सबै जागे । पहाडबाटै लेदोसहितको पहिरो खस्दा घर पुरियो । एकै पलमा पहिरोले ११ वटा घरगोठ पुऱ्यो । जसमा १३ जना पुरिए । वस्तुभाउको त यकिन नै छैन । परेर नयाँ र पुराना गरेर गाउँका ११ वटा घरगोठ पुरिए । ती घरभित्र रहेका १३ जना पनि पुरिए । त्यो दिन वर्षाको कारण विद्युत् अवरुद्ध थियो ।

लगत्तै घटनास्थल पुगे पनि रातिको समय भएकाले प्रहरी र स्थानीयले समयमा उद्धार गर्न सकेनन् । बिहीबार १० जना, शुक्रबार २ गरी प्रहरीले १२ जनाको शव निकालेको छ । जिल्ला प्रहरी कार्यालय रोल्पाका प्रहरी नायब उपरीक्षक पञ्चकुमार बाखुका अनुसार एक जना अझै बेपत्ता छन् । यीसहित रोल्पामा आएको बाढीपहिरोको कारण २० जनाको मृत्यु भइसकेको छ ।

उनका अनुसार, आइतबार राति आएको पहिरोले घर पुरिँदा लुंग्री गाउँपालिका-५ धैरेनीमा पहिरोले च्यापिएर ७२ वर्षीया अम्मी गुरुङको मृत्यु भएको हो। त्यस्तै, बिहीबार सुनछहरी गाउँपालिका-२ फलबाङ र गिद्देमा पहिरोले घर पुरिँदा ४ जनाको मृत्यु भएको थियो ।

'एक्कासि लेदोसहितको पहिरो खसेपछि कोही भाग्न सकेनन्, त्यसमाथि पहाडका ढुंगा माटोले पुऱ्यो,' उनले भने, 'गाउँको अधिकांश भाग पुरिएको छ ।'

२० वर्ष पहिले पनि आएको थियो पहिरो

१२ वर्षपछि बगेको खोला फर्किन्छ भन्छन् । त्यस्तै २० वर्षपछि रोल्पाको थवाङ गाउँपालिका-५ उवा कोटलबारा पहिरो आएको छ । त्यो समयमा उवा कोटलबारामा बस्ती थिएन । तर, ठूलो पहिरो आएको थियो । थवाङ गाउँपालिकाका अध्यक्ष ऋषिकेशव बुढामगरका अनुसार, मानव बस्ती नै नभएका कारण मानवीय क्षति हुन पाएन । वर्षाको समयमा पहाडको खोचबाट पानी जम्मा भएर लेदोसहितको पहिरो आएको थियो । बुधबार आएको पहिरो पनि उस्तै खालको हो ।

बाढीपहिरोमा परी जनधन र पशुचौपायाको क्षति भएपछि नेकपाका नेता समेत रहेका रोल्पाका प्रतिनिधिसभा सदस्य वर्षमान पुनले प्रधानमन्त्री बालेन्द्र (बालेन) शाहको ध्यानाकर्षण गराएका छन् । शुक्रबार प्रधानमन्त्री शाहलाई सिंहदरबारमा भेटेर क्षतिबारे ध्यानाकर्षण गराउँदै भनेका थिए, 'निरन्तरको बाढी तथा पहिरोका कारण हाम्रो रोल्पाले ठुलो मानवीय तथा भौतिक क्षति व्यहोरिरहेको छ ।'

त्यसक्रममा प्रधानमन्त्रीले उवाको घटनामा उद्धारका लागि राज्यका सबै संयन्त्र परिचालन गरिएको र पीडितलाई राहत उपलब्ध गराउन निर्देशन दिइसकेको जवाफ दिएका थिए ।

साढे तीन सय बढी परिवार विस्थापित

जाजरकोटका विभिन्न क्षेत्रमा शनिबारदेखि आएको लगातारको वर्षासँगै गएको पहिरोले भेरी नगरपालिकाको २ रिसाङ क्षेत्रमा क्षति पुऱ्याएको छ । जिल्ला प्रहरी कार्यालय जाजरकोटका अनुसार, पहिरोमा परी ४ जनाको मृत्यु भएको छ, ११ जना घाइते भएका छन् । साढे तीन सय परिवार विस्थापित भएको जिल्ला प्रहरी कार्यालय जाजरकोटका सूचना अधिकारी एवं प्रहरी निरीक्षक सुधीरकुमार खड्काले जानकारी दिएका छन् ।

पहिरोको जोखिममा रहेका भेरी नगरपालिका-२ रिसाङ क्षेत्रका साढे तीन सय परिवारलाई त्रिभुवन आधारभूत विद्यालयको भवनमा सुरक्षित राखिएको छ । यस्तै, भ्यालीखेत डाँडामा १६ जना, चिसापानीमा २० जना, राउटेरे डाँडामा १५ जना र रिसाङ फारुलामा तीन जना गरी थप ५४ जनालाई सुरक्षित स्थानमा राखिएको छ ।

पहिरोका कारण विभिन्न स्थानमा सडक तथा बाटो अवरुद्ध रहेकाले सुरक्षाकर्मीले जोखिमका बीच पैदलमार्फत घटनास्थल पुगेर बेपत्ताको खोजी, घाइतेको उद्धार तथा प्रभावितलाई सुरक्षित स्थानमा सार्ने काम गरिरहेका छन् ।

उद्धार तथा क्षतिको विवरण संकलनका लागि नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गरिएको छ । जिल्ला प्रहरी कार्यालयबाट प्रहरी निरीक्षक राजेश शाहीको नेतृत्वमा ११ जना तथा सशस्त्र प्रहरी बल नेपाल आश्रित गुल्म हेडक्वार्टर जाजरकोटबाट सशस्त्र प्रहरी निरीक्षक कमल कार्कीको नेतृत्वमा १० जना सुरक्षाकर्मी घटनास्थलतर्फ खटिएका छन् । पहिरोका कारण सडक अवरुद्ध भएकाले सुरक्षाकर्मी पैदलै घटनास्थल पुगेका छन् । घटनाको थप विवरण संकलन भइरहेको छ, खड्काले जानकारी दिएका छन् ।

देशभर ६७ जनाको मृत्यु

बाढीपहिरोको कारण देशभर ६७ जनाको मृत्यु भएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार गत वैशाखदेखि साउन महिनाको अवधिमा देशका विभिन्न भागमा आएको बाढी र पहिरोको कारण मृत्यु भएको हो ।

पहिरोको कारण ४३ जनाको मृत्यु र ५० जना घाइते, बाढीको कारण २० जनाको मृत्यु र १३ जना घाइते, र भारी वर्षाको कारण ४ जनाको मृत्यु भएको छ भने १२ जना घाइते भएका छन् । बाढी र पहिरोमा परी ६ जना बेपत्ता भएको प्राधिकरणले जनाएको छ ।

'मुलुक 'लफंगा'हरूबाट शासित'

काठमाडौं/मस-नेकपा संयुक्तका कार्यवाहक अध्यक्ष घनश्याम भुसालले गत २१ फागुनमा सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा कसरी पराजित भए भनेर कम्युनिष्ट दलहरूले अहिलेसम्म पत्तो पाउन नसकेको टिप्पणी गरेका छन् ।

आइतबार काठमाडौंमा आयोजित 'वामपन्थी आन्दोलन अब के गर्ने ?' विषयक राष्ट्रिय बहसमा बोल्दै उनले यस्तो टिप्पणी गरेका हुन् । उक्त निर्वाचनमा कम्युनिस्ट दलहरूले अनपेक्षित र व्याख्या गर्न कठिन पराजय व्यहोरेको नेता भुसालको भनाइ छ ।

उनले मुलुक पहिले देखि नै नालायकहरूबाट शासित भएको भए पनि निर्वाचनपछि लफंगाहरुबाट शासित हुन पुगेको टिप्पणी पनि गरे । उनले उक्त अभिव्यक्ति आफूले निर्वाचन सम्पन्न हुँदा दिएको भए पनि सरकारको गतिविधि र वर्तमान राजनीतिक परिस्थितिले त्यसको पुष्टि गरेको समेत बताए । मुलुकमा उत्पन्न पछिल्लो परिस्थितिले समाजमा अझै डरलाग्दा राजनीतिक दुर्घटनाहरू बढ्ने जोखिम बढेको उनको भनाइ छ । उनले सरकार यही गतिमा थप दुई वर्षसम्म अघि बढ्यो भने के हुन्छ ? भन्दै प्रश्न गरे । उनले भने, 'हामी हारेका छौं । हामी यसरी हारेका छौं कि कसरी हाऱ्यौं भनेर अहिलेसम्म पत्तो पाएका छैनौं । हामीलाई यो बारेमा कसैले प्रश्न नगरिदिए हुन्थ्यो, नसम्झाइदिए हुन्थ्यो । घरमा श्रीमती र छोराछोरीले नसम्झाइदिए हुन्थ्यो जस्तो लागेको छ । यो त्यो तहको अनपेक्षित पराजय हो । कुनै कुनै अवस्था व्याख्या नै नहुने व्याख्या पनि हुने रहेछन् । मैले फागुन २१ को दिन सबै साथीहरूलाई भेटेपछि निष्कर्ष के निकाले भने, मुलुक नालायकहरूबाट त शासित छँदै थियो, अब लफंगाहरुबाट शासित हुने भयो भनेर मैले भिडियो नै राखेको थियो । तर त्यसमा गलत साबित हुन पाउँ भनेर पनि भनेको थिएँ । तर यहाँ साढे चार महिना जति बित्यो । आज जे देखिएको छ त्यसले अझ डरलाग्दो क्षति र थप राजनीतिक दुर्घटनाहरू घट्ने जोखिम छ ।'

नेता भुसालले मुलुकको कम्युनिष्ट आन्दोलनको समीक्षा गरी थप सशक्त भएर जनतामाझ जानुपर्ने आवश्यकता समेत औंल्याए ।

जनमत टाढिनुको कारण गम्भीर समीक्षा गर्नुपर्छ : पोखरेल

काठमाडौं/मस- नेकपा एमालेका महासचिव शंकर पोखरेलले जनमत वामपन्थी शक्तिबाट टाढिनुको कारणबारे गम्भीर समीक्षा गर्नुपर्ने समय आएको बताएका छन् । आइतबार काठमाडौंमा आयोजित 'वामपन्थी आन्दोलन अब के गर्ने ?' विषयक राष्ट्रिय बहसमा बोल्दै महासचिव पोखरेलले जनमत आफूहरूबाट टाढिनुको कारण पहिचान गरी त्यसको गम्भीर समीक्षा गर्नुपर्ने बताए । उनले कम्युनिष्ट पार्टीकै नेतृत्वमा सरकार हुँदाहुँदै पनि सरकारबाट अपदस्थ हुनुपरेको यथार्थलाई गम्भीरतापूर्वक विश्लेषण गर्नुपर्ने धारणा राखे । 'कम्युनिस्ट पार्टीकै नेतृत्व रहेको बेला सरकारबाट अपदस्थ हुनुपरेको छ । यो यथार्थलाई गम्भीर समीक्षा नगरी वामपन्थी आन्दोलनलाई पुनर्गठन गर्न सम्भव छैन,' उनले भने ।

महासचिव पोखरेलले नेपालमा वामपन्थी आन्दोलनले लामो समयदेखि राजनीतिक नेतृत्व गर्दै आए पनि पछिल्लो समय कमजोर हुँदै जानु सामान्य विषय नभएको बताए । उनका अनुसार नेपालमा वामपन्थी आन्दोलनले छ जना प्रधानमन्त्री र २१ जना मुख्यमन्त्री जन्माइसकेको छ । यस्तो राजनीतिक प्रभाव भएको आन्दोलन कमजोर हुनुको कारण खोजी गर्नुपर्ने उनको भनाइ थियो ।

'नेपालको कम्युनिस्ट आन्दोलन सामान्य थिएन,' महासचिव पोखरेलले भने । उनले विगतका राजनीतिक अभ्यास, जनतासँगको सम्बन्ध तथा जनमतमा आएको परिवर्तनको वस्तुनिष्ठ समीक्षा गरेर मात्रै वामपन्थी आन्दोलनलाई नयाँ आधारमा पुनर्गठन गर्न सकिने बताए ।

कार्यक्रममा नेकपाका नेता शक्तिबहादुर बस्नेत, एमाले नेता कर्ण थापा, राष्ट्रियसभाका सदस्य गणेश विकलगायत नेताहरूको सहभागिता थियो ।

श्रमिक धेरै रहेका मुलुकमा 'सेल्टर हाउस' स्थापना गर्न एनआरएनएको आग्रह

तिलोचन गौतम/मध्यान्ह
गोन्जाउ, चीन, ३१ साउन

नेपाली श्रमिकको संख्या उल्लेख्य रहेका मुलुकमा समस्यामा परेका श्रमिकको तत्काल उद्धार, सुरक्षित बसोबास र आवश्यक सहयोगका लागि 'सेल्टर हाउस' स्थापना गर्न गैरआवासीय नेपाली संघ (एनआरएनए)ले नेपाल सरकारसँग आग्रह गरेको छ ।

चीनको गोन्जाउमा शनिबारदेखि जारी एनआरएनए एसिया प्यासिफिक क्षेत्रीय सम्मेलनअन्तर्गत 'सुरक्षित वैदेशिक रोजगार र पुनःएकीकरण' विषयक सत्रमा सहभागीहरूले विदेशमा समस्यामा परेका नेपाली श्रमिकलाई तत्काल सुरक्षित स्थानमा राख्ने भरपर्दो संरचना नहुँदा उद्धारमा कठिनाइ हुने गरेको बताएका हुन् ।

उनीहरूले विभिन्न मुलुकमा रहेका एनआरएनए प्रतिनिधिले व्यक्तिगत पहल र स्रोतसाधन प्रयोग गरेर समस्यामा परेका नेपाली श्रमिकको उद्धार तथा व्यवस्थापन गर्दै आए पनि त्यसका लागि औपचारिक कानुनी अधिकार नहुँदा कतिपय अवस्थामा उल्टै प्रतिनिधिहरू नै समस्यामा पर्ने गरेको उल्लेख गरे । त्यसैले सरकारले नेपाली श्रमिकको संख्या धेरै रहेका मुलुकमा व्यवस्थित रूपमा सेल्टर हाउस स्थापना गरी सञ्चालन गर्नुपर्ने उनीहरूको माग छ ।

सम्मेलनमा एसिया प्यासिफिक क्षेत्रमा सुरक्षित र मर्यादित वैदेशिक रोजगार, दक्ष जनशक्ति उत्पादन, विदेशमा रहेका नेपाली श्रमिकका समस्या, उद्धार तथा कानुनी सहायता, मानसिक स्वास्थ्य र स्वदेश फर्किएपछि पुनःएकीकरणलगायतका विषयमा विस्तृत छलफल भएको थियो ।

एनआरएनए उपाध्यक्ष तथा उक्त सत्रका सभापति खगेन्द्र न्यौपानेले धेरै नेपाली श्रमिक रहेका मुलुकमा सरकारले नै सेल्टर हाउस स्थापना गर्नुपर्ने बताए । उनका अनुसार विदेशमा श्रमिक समस्यामा पर्दा तत्काल सुरक्षित स्थानमा राख्ने व्यवस्था नहुँदा एनआरएनए प्रतिनिधिहरूले आफ्नै पहलमा बसोबास

तथा अन्य व्यवस्थापन गर्नुपर्ने बाध्यता छ ।

कतिपय अवस्थामा श्रमिकलाई सुरक्षित राख्ने क्रममा स्थानीय कानुनी प्रक्रिया जटिल बन्ने र एनआरएनए प्रतिनिधि आफैं कानुनी झमेलामा पर्ने अवस्था समेत आउने गरेको न्यौपानेले बताए ।

प्रतिनिधिसभाका सांसद तथा पूर्वसञ्चारमन्त्री जगदीश खरेलले विदेशमा रहेका नेपालीले आफ्ना समुदायका समस्या समाधानमा महत्वपूर्ण भूमिका खेलिरहेको भन्दै एनआरएनएको प्रशंसा गरे ।

विदेशमा रहेका एनआरएनहरूले राजदूतसरह नेपालीका समस्या समाधानका लागि काम गरिरहेको उल्लेख गर्दै खरेलले अवैतानिक दूतको पद औपचारिक रूपमा सानो देखिए पनि यसको भूमिका महत्वपूर्ण हुने बताए । उनले यस विषयमा आवश्यक पहल सरकारसमक्ष गर्ने प्रतिबद्धता जनाए ।

प्रतिनिधिसभा सदस्य ऐन महरले वैदेशिक रोजगारीलाई व्यवस्थित, सुरक्षित र मर्यादित बनाउन राज्यले विशेष ध्यान दिनुपर्ने बताए । नेपाललाई अदक्ष श्रमिक विदेश पठाउने देशका रूपमा मात्र चिनिने अवस्थाको अन्त्य गर्न सीप विकासलाई प्राथमिकतामा राख्नुपर्ने उनको भनाइ थियो ।

परराष्ट्र मन्त्रालयको डायस्पोरा समन्वय महाशाखाका उपप्रमुख कृशु क्षेत्रीले विदेशमा नेपाली दूतावास तथा नियोगपछि समस्यामा परेका नेपालीले एनआरएनएलाई नै सम्झने गरेको बताए ।

एनआरएनए अध्यक्ष डा. हेमराज शर्माले वैदेशिक रोजगारको क्षेत्रमा अझ धेरै काम गर्नुपर्ने आवश्यकता रहेको बताए । यस विषयमा बृहत् छलफल आवश्यक रहेकाले केही महिनाभित्रै नेपालमा वैदेशिक रोजगारसम्बन्धी छुट्टै बृहत् सम्मेलन आयोजना गर्ने जानकारी उनले दिए ।

एनआरएनए उपाध्यक्ष जुनु गुरुङले वैदेशिक रोजगारीमा रहेका नेपालीको मानसिक स्वास्थ्यका विषयमा भइरहेका काम तथा आगामी दिनमा सञ्चालन गरिने कार्यक्रमबारे जानकारी दिइन् । वैदेशिक रोजगारीका क्रममा देखिने मानसिक स्वास्थ्यसम्बन्धी समस्या पहिचान, परामर्श तथा समाधानका लागि थप प्रभावकारी कार्यक्रम आवश्यक रहेको उनले बताइन् ।

सम्मेलनमा सहभागीहरूले वैदेशिक रोजगारीमा अदक्ष कामदार पठाउने प्रवृत्तिलाई क्रमशः अन्त्य गर्दै दक्ष र सीपयुक्त जनशक्ति उत्पादनमा जोड दिनुपर्ने बताएका थिए । त्यसका लागि सीपमूलक तालिम केन्द्र तथा सीप परीक्षण केन्द्र स्थापना गरी श्रमिकलाई आवश्यक सीपसहित वैदेशिक रोजगारीमा पठाउने व्यवस्था गर्न सरकारसँग आग्रह गरिएको छ ।

सहभागीहरूले सीपयुक्त जनशक्ति उत्पादन तथा अन्तर्राष्ट्रिय श्रम बजारको मागअनुसार श्रमिक तयार गर्न सरकार, निजी क्षेत्र र एनआरएनएबीच सहकार्य आवश्यक रहेको बताएका थिए ।

कार्यक्रममा विभिन्न मुलुकमा रहेका नेपाली श्रमिकको अवस्था, उनीहरूले भोगिरहेका समस्या र समाधानका उपायबारे विषयगत प्रस्तुति पनि गरिएको थियो । दक्षिण कोरियामा रहेका नेपाली श्रमिकको अवस्थाबारे दीपक पुन, लाओसका बारेमा एकनाथ खतिवडा, जापानका बारेमा खगराज गौतम, मलेसियाका बारेमा तिलोचन गौतम तथा मकाउमा रहेका नेपाली श्रमिकको अवस्थाबारे युवराज न्यौपानेले प्रस्तुति दिएका थिए ।

पत्रकार अनिल अधिकारीले पनि सम्बन्धित विषयमा प्रस्तुति दिँदै विदेशमा रहेका नेपाली श्रमिकले भोगिरहेका समस्या, उद्धारका चुनौती तथा समाधानका सम्भावित उपायबारे प्रकाश पारे ।

एनआरएनएका प्रमुख कार्यकारी अधिकृत राजेन्द्रकुमार राउतले संस्थाले वैदेशिक रोजगार तथा श्रमिकको क्षेत्रमा गर्दै आएका गतिविधिबारे जानकारी गराएका थिए । कार्यक्रमको मोडरेसन यज्ञराज सुवेदीले गरेका थिए भने पत्रकार उद्धव भट्टराईले कार्यक्रमका मुख्य विषय र निष्कर्षको टिपोट गरेका थिए ।

सम्मेलनले वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन श्रमिकको अधिकार संरक्षणसँगै विदेशमा तत्काल उद्धार तथा सहयोगका लागि संस्थागत संरचना आवश्यक रहेको निष्कर्ष निकालेको छ ।

एनआरएनएले नेपालमा केही समयपछि वैदेशिक रोजगारसम्बन्धी छुट्टै बृहत् सम्मेलन आयोजना गर्ने जनाएको छ । उक्त सम्मेलनमा सुरक्षित वैदेशिक रोजगार, सीप विकास, श्रमिक अधिकार, उद्धार, मानसिक स्वास्थ्य, विदेशबाट फर्किएका श्रमिकको पुनःएकीकरण तथा प्रवासी नेपालीको भूमिकालगायतका विषयमा सरकार, सरोकारवाला निकाय र प्रवासी नेपालीबीच थप छलफल गरिने बताइएको छ ।

VACANCY ANNOUNCEMENT
We are currently looking for qualified and motivated candidates for the following positions at our manpower agency:
☑ Receptionist : 1 (Male/Female)
▸ Experienced in Related Fields.
Salary Negotiable
Send Your CV at ykmanpoweragency@gmail.com
Y.K. MANPOWER AGENCY PVT.LTD.
(सार्विक : ASIA POWER OVERSEAS EMPLOYMENT SERVICES)
4th Floor, Giri Complex, Sambhumarga-9, Airport, Kathmandu,
Govt. Lic. No.: 1439/074/075
Tel.: (+977-014599181, 014597116), 9801234995 (Gyanendra Niraula) Web.: www.ykmanpower.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

बालश्रमको बाटो नखोलियोस्

बालश्रम अन्त्य गर्ने प्रतिबद्धता नेपालले धेरै पहिलेदेखि गर्दै आएको छ । संविधानले नै बालअधिकार सुनिश्चित गरेको छ । बालश्रमविरूद्ध अन्तर्राष्ट्रिय प्रतिबद्धता पनि व्यक्त गरिएको छ । सरकारले बालश्रम निवारणका लागि विभिन्न नीति, योजना र कार्यक्रम अघि सारेको छ । तर, व्यवहारमा भने बालश्रम अहिले पनि गम्भीर समस्याका रूपमा कायमै छ । नेपालमा अझै १० लाख ८१ हजार बालबालिका श्रममा संलग्न रहेको तथ्यांकले राज्यका प्रयास अपर्याप्त भएको देखाएको छ । यही अवस्थामा सरकारले २७ वर्ष पुरानो बालश्रमसम्बन्धी कानुन विस्थापित गर्न नयाँ विधेयक संसद्मा पेस गरेको छ । प्रस्तावित विधेयकले सामान्य कामका लागि न्यूनतम उमेर १५ वर्ष तोक्ने व्यवस्था गरेको छ । तर, १३ देखि १५ वर्ष उमेर समूहका बालबालिकालाई विद्यालय समयबाहेक दैनिक दुई घण्टा र सातामा १२ घण्टासम्म 'हलुका काम' गर्न दिने प्रस्ताव गरिएको छ ।

कानुन संशोधनमा अघि सारिएको यो प्रस्ताव विवादमा परेको छ । बालबालिकाको मुख्य जिम्मेवारी पढाइ, खेलकुद र आफ्नो शारीरिक तथा मानसिक विकास हो । त्यसैले उनीहरूलाई श्रममा प्रवेश गर्ने कानुनी बाटो खोल्नु आफैंमा जोखिमपूर्ण हुनेछ । कानुनमा 'हलुका काम' भनिए पनि त्यसको व्यावहारिक परिभाषा र अनुगमन कमजोर भयो भने यसको दुरूपयोग हुन सक्छ । यसैलाई देखाएर विपन्न परिवारका बालबालिकालाई श्रममा धकेल्ने खतरा बढ्छ ।

नेपालको समस्या कानुन नहुनु मात्र होइन, भएका कानुनको प्रभावकारी कार्यान्वयन नहुनु पनि हो । १४ वर्षभन्दा कम उमेरका बालबालिकालाई रोजगारमा लगाउन रोक लगाइएको व्यवस्था हुँदाहुँदै पनि बालश्रम अन्त्य हुन सकेको छैन । विशेषगरी घरेलु श्रममा रहेका बालबालिकाले विद्यालय जान नपाउने, परिवारबाट टाढा हुने, जोखिमपूर्ण काम गर्नुपर्ने र पारिश्रमिकसमेत नपाउने समस्या भोगिरहेको अध्ययनले देखाएको छ । त्यसैले नयाँ कानुन बनाउँदा राज्यले बालबालिकाले काम गर्ने बाटो खोल्नुभन्दा त्यस्तो बाध्यता हटाउने नीति लिनुपर्छ । गरिबीका कारण बालबालिका श्रममा जानुपर्ने अवस्थामा परिवारलाई सामाजिक सुरक्षा र आयआर्जनको अवसर दिनुपर्छ । विद्यालय छाड्ने बालबालिकाको पहिचान गरी उनीहरूलाई पुनः शिक्षामा जोड्नुपर्छ । स्थानीय तहदेखि संघीय सरकारसम्म बालश्रम अनुगमनको प्रभावकारी संयन्त्र बनाउनुपर्छ ।

प्रस्तावित विधेयकमा १५ वर्षमुनिका बालबालिकालाई काममा लगाए कडा सजायको व्यवस्था पनि गरिएको छ । तर, कानुनमा सजाय लेखेर मात्र बालश्रम अन्त्य हुँदैन । नियमित अनुगमन, उद्धार गरिएका बालबालिकाको पुनःस्थापना र दोषीमाथि निष्पक्ष कारबाही हुनुपर्छ । बालबालिका सस्तो श्रमशक्ति होइनन्, देशको भविष्य हुन् । नयाँ कानुनले बालश्रम बढाउने कुनै नयाँ छिद्र नखुलोस् भन्नेमा संसद् गम्भीर बनोस् ।

दक्षिण एसियामा नयाँ हुरी

अग्रलेख

● भुपेन्द्र थापा 'माधव'

दक्षिण एसियामा उर्लेको नयाँ पुस्ताको असन्तुष्टि सडकको भिड वा डिजिटल आक्रोश मात्र पक्कै होइन । यो पुरानो राजनीतिक संस्कृति र अक्षम नेतृत्वविरुद्धको विद्रोह हो । भारतको 'सिजेपी'जस्ता व्यंग्यात्मक प्रतिरोधदेखि क्षेत्रीय युवा विद्रोहले दिएको सन्देश एउटै छ- युवालाई सस्तो भाषण होइन, रोजगारी, पारदर्शिता र परिणाममुखी परिवर्तन चाहिन्छ ।

दक्षिण एसियाको आकाशमा फेरि एउटा नयाँ हुरी चल्न थालेको छ । यो हुरी केवल सडकमा देखिएको भिड होइन, केवल सामाजिक सञ्जालमा देखिएको आक्रोश पनि होइन । यो एउटा पुस्ताको बेचैनी हो, एउटा पुस्ताको प्रश्न हो र पुरानो राजनीतिक संस्कृतिप्रतिको बढ्दो अविश्वास हो । बंगलादेशमा विद्यार्थी आन्दोलनले सत्ता संरचनालाई चुनौती दियो । श्रीलंकामा आर्थिक संकटले जनआक्रोशलाई सडकमा उतार्‍यो । नेपालमा नयाँ पुस्ताको विद्रोहले स्थापित राजनीतिक नेतृत्वलाई गम्भीर प्रश्न गर्‍यो । भारतमा पनि युवाको असन्तुष्टि नयाँ प्रतीक र नयाँ राजनीतिक भाषामार्फत अभिव्यक्त हुन थालेको छ ।

भारतमा चर्चामा आएको 'कक्रोच जनता पार्टी' अर्थात् सिजेपी आन्दोलन यही नयाँ राजनीतिक मनोविज्ञानको एउटा उदाहरणका रूपमा अगाडि आएको छ । यी आन्दोलनका कारण र स्वरूप फरक छन् । तर, तिनको अन्तर्यमा एउटा समान प्रश्न देखिन्छ, पुरानो राजनीतिक संरचनाले नयाँ पुस्ताको भविष्य सुरक्षित गर्न सक्छ कि सक्दैन ? यही प्रश्नले दक्षिण एसियाको राजनीतिलाई नयाँ मोडमा पुर्‍याउँदै छ ।

भारतमा ' कक्रोच जनता पार्टी' अर्थात् सिजेपी परम्परागत अर्थमा स्थापित राजनीतिक दल होइन । यो नयाँ पुस्ताको डिजिटल असन्तुष्टि र राजनीतिक व्यंग्यबाट जन्मिएको अभियानका रूपमा अघि आएको देखिन्छ । 'कक्रोच' अर्थात् साइलो शब्दलाई आन्दोलनको प्रतीक बनाइनु आफैंमा एउटा राजनीतिक व्यंग्य हो । अपमानका रूपमा प्रयोग भएको शब्दलाई नै प्रतिरोधको परिचय बनाउनु नयाँ पुस्ताको राजनीतिक मनोविज्ञान बुझ्ने एउटा महत्त्वपूर्ण संकेत हो । यसको अर्थ सरल छ- हामीलाई कमजोर ठानिएला, दबाउन खोजिएला, तर हामी समाप्त हुने छैनौं ।

आजको पुस्ताको राजनीति परम्परागत राजनीतिक दलको कार्यालयबाट मात्र सुरु हुँदैन, त्यो सामाजिक सञ्जालबाट सुरु हुन्छ । हिजो राजनीतिक सन्देश फैलाउन पत्रिका, सभा र मञ्च चाहिन्थ्यो, आज एउटा मोबाइल फोन नै राजनीतिक मञ्च बन्न सक्छ । एउटा भिडियो, एउटा ह्यासट्याग, एउटा व्यंग्यात्मक चित्र वा एउटा छोटो सन्देशले हजारौं-लाखौं मानिसलाई एउटै भावनामा जोड्न सक्छ । यही परिवर्तनले दक्षिण एसियाको राजनीतिलाई पुरानो ढाँचाबाट बाहिर निकाल्दै छ ।

सिजेपी आन्दोलनको चर्चा केवल एउटा डिजिटल अभियानका रूपमा मात्र गरेर पुग्दैन, यसको पछाडि रहेको सामाजिक मनोविज्ञानलाई बुझ्न आवश्यक छ । भारतमा लाखौं युवा शिक्षा पूरा गरेपछि रोजगारीको खोजीमा छन् । सरकारी सेवा र प्रवेश परीक्षाको तयारी गर्ने युवाको संख्या ठुलो छ । परीक्षा प्रणालीमा हुने अनियमितता, प्रश्नपत्र चुहावट वा परीक्षा रद्दजस्ता घटनाले युवाको भविष्यप्रतिको विश्वास कमजोर बनाउँछन् । एक युवाले वर्षौं मिहिनेत गर्छ, परिवारले उसको शिक्षामा लगानी गर्छ र उसले आफ्नो भविष्य एउटा परीक्षासँग जोड्छ । तर, अन्ततः यदि प्रणालीमाथि नै विश्वास गर्न नसक्ने अवस्था आयो भने त्यसबाट जन्मिने असन्तुष्टि केवल व्यक्तिगत रहँदैन, त्यो राजनीतिक बन्छ । बेरोजगारी, शिक्षा, अवसरको असमानता र संस्थागत जवाफदेहिताको प्रश्नले युवाको मनमा एउटै प्रश्न जन्माउँछ- देश अघि बढिरहेको छ भने मेरो भविष्य किन पछाडि छ ? सिजेपी आन्दोलनको वास्तविक शक्ति यही प्रश्नमा निहित छ ।

दक्षिण एसियामा डिजिटल माध्यमले राजनीतिक संगठनको परम्परागत संरचनालाई चुनौती दिएका छन् । तर, सामाजिक सञ्जालको शक्ति जति ठुलो छ, यसको जोखिम पनि उत्तिकै ठुलो छ । गलत सूचना फैलिन सक्छ, अफवाहले आन्दोलनको दिशा बदल्न सक्छ, विदेशी प्रभाव प्रवेश गर्न सक्छ र भावनात्मक उत्तेजनाले तथ्यलाई विस्थापित गर्न सक्छ ।

नेपालमा युवाको आक्रोश सडकमा देखियो, बंगलादेशमा विद्यार्थी आन्दोलनले राजनीतिक सत्ता संरचनालाई चुनौती दियो, श्रीलंकामा आर्थिक संकटले जनतालाई शासकविरुद्ध सडकमा उतार्‍यो र पाकिस्तानमा राजनीतिक अस्थिरताले युवाको भविष्यलाई अनिश्चित बनाएको छ । यी सबै घटनाका कारण फरक छन्, तर मनोविज्ञान समान छ ।

दक्षिण एसियाको नयाँ राजनीतिक परिवर्तनलाई बुझ्न 'जेन-जी पुस्ता'को मनोविज्ञान बुझ्न आवश्यक छ । यो पुस्ता पुरानो पुस्ताजस्तो राजनीतिक दलप्रति भावनात्मक रूपमा बाँधिएको छैन । यो पुस्ताले सूचना प्रत्यक्ष पाउँछ र विश्वका अन्य देशका युवाको जीवनशैली मोबाइलको पर्दाबाट हेरेर आफ्नै देशको अवस्थासँग तुलना गर्छ । त्यसैले आजको युवा पुस्तालाई केवल राष्ट्रवादको नाराले लामो समयसम्म सन्तुष्ट राख्न सकिँदैन ।

नेपालको जेन-जी आन्दोलन र भारतको सिजेपी आन्दोलनबीच प्रत्यक्ष संगठनात्मक सम्बन्ध रहेको प्रमाण नभए पनि दुवै घटनाले एउटा साझा मनोविज्ञान देखाउँछन् । नेपालमा भ्रष्टाचार, सुशासन र राजनीतिक निराशाले युवालाई सडकमा ल्यायो भने भारतमा रोजगारी, शिक्षा र परीक्षा प्रणालीको असन्तुष्टिले नयाँ राजनीतिक अभिव्यक्ति जन्माउँदै छ ।

दक्षिण एसियाका कुनै पनि राजनीतिक परिवर्तनलाई बाह्य शक्तिको प्रभाववाट पूर्णतः अलग राख्न सकिँदैन । भारत विश्वको ठुलो शक्ति बन्दै छ, चीनको प्रभाव विस्तार भइरहेको छ र अमेरिका हिन्द-प्रशान्त रणनीतिमा सक्रिय छ । नेपाल, बंगलादेश, श्रीलंका, पाकिस्तान र माल्दिभ्सजस्ता देशमा हुने राजनीतिक परिवर्तनले क्षेत्रीय शक्ति सन्तुलनलाई प्रभावित गर्छ । राजनीतिक शून्यतालाई बाह्य शक्तिहरूले आफ्नो हितअनुकूल उपयोग गर्न खोज्न सक्छन् । आन्तरिक स्वतन्त्रता जोगाउँदै बाह्य प्रभाववाट आफ्नो राजनीतिक स्वायत्तता कायम राख्नु ठुलो चुनौती हो ।

आन्दोलनलाई संगठन, विचार, नेतृत्व, नीति र जनताको दीर्घकालीन विश्वास चाहिन्छ । यदि सिजेपी आन्दोलन शिक्षा र परीक्षा प्रणालीका समस्यामा मात्र सीमित रह्यो भने यसको प्रभाव निश्चित वर्गमा सीमित हुन सक्छ ।

इतिहासमा धेरै आन्दोलनहरू परिवर्तनको वाचा गर्दै जन्मिए, तर सत्तामा पुगेपछि तिनै आन्दोलनहरू पुरानै संरचनाको हिस्सा बने । त्यसैले वास्तविक परिवर्तन केवल सत्ता परिवर्तन होइन, राजनीतिक संस्कृतिको परिवर्तन हो ।

दक्षिण एसियाको राजनीति अहिले एउटा संक्रमणकालमा छ । पुरानो राजनीतिक पुस्ता अझै शक्तिशाली छ, तर नयाँ पुस्ता राजनीतिक रूपमा जागरुक हुँदै छ । यस पुस्ताले जात, धर्म, क्षेत्र र परम्परागत दलगत सीमाभन्दा बाहिर नागरिक पहिचान खोजिरहेको छ । यो प्रवृत्ति अवसर र चुनौती दुवै हो । यदि नयाँ पुस्ताको असन्तुष्टिलाई लोकतान्त्रिक संस्थाभित्र समेट्न सकियो भने लोकतन्त्र बलियो हुनेछ; दबाउन खोजियो भने असन्तुष्टि विद्रोहमा बदलिन सक्छ । दलहरूले आत्मसुधार गर्न सके परिवर्तन शान्तिपूर्ण हुनेछ, अन्यथा सडक फेरि इतिहास लेख्न बाध्य हुन सक्छ ।

भारतको सिजेपी आन्दोलन अहिले एउटा सुरुवाती राजनीतिक संकेत मात्र हुन सक्छ । तर, यसले एउटा महत्त्वपूर्ण सन्देश दिएको छ, नयाँ पुस्तालाई अब मौन राख्न सजिलो छैन । उसलाई केवल राष्ट्रवादको नारा, विकासको तथ्यांक वा चुनाव मात्र पर्याप्त छैन, आफ्नो जीवनमा वास्तविक परिवर्तन चाहिएको छ ।

दक्षिण एसियामा नयाँ हुरी चलिरहेको छ । यो हुरीले पुराना राजनीतिक संरचनालाई उडाएर लैजान्छ कि तिनलाई सुधारेर नयाँ बनाउँछ, त्यो भविष्यले देखाउनेछ । तर एउटा कुरा निश्चित छ, अब दक्षिण एसियाको राजनीति पुरानो पुस्ताले मात्र निर्धारण गर्ने छैन । जब एउटा पुस्ताले डराउन छोडेर प्रश्न गर्न थाल्छ, इतिहासको सबैभन्दा ठुलो परिवर्तन प्रायः त्यहींबाट सुरु हुन्छ ।

देउवालाई एउटा अवसर

विचार

● जयप्रकाश आनन्द

पद होइन, राष्ट्रिय एकता सुदृढ गर्न फर्किएको वक्तव्य दिएका शेरबहादुर देउवाले समानान्तर कार्यालयमा सभापतिको कुर्सी सम्हाल्दा शब्द र व्यवहारबीच विरोधाभास देखिएको छ । पदको मोह छाडेर कांग्रेसभित्रको विभाजन अन्त्य गर्दै सहमति र सहकार्यको नेतृत्व गर्नु नै देउवाका लागि राजनीतिक अवसर र परीक्षा हो ।

पाँच महिनापछि नेपाल फर्किएका नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवाले जारी गरेको लिखित वक्तव्यले नेपाली राजनीतिक वृत्तमा एउटा गम्भीर अपेक्षा जगाएको थियो । लामो समयपछि स्वदेश फर्किएका देउवाले आफू 'शक्ति तथा पद प्राप्त गर्न होइन, राष्ट्रिय एकता सुदृढ गर्न' आएको स्पष्ट गर्दै नेपाली कांग्रेसलाई एकताबद्ध बनाएर अन्य राजनीतिक दलहरूसँग सहमति र सहकार्य गर्नुपर्ने आवश्यकता औंल्याए । राजनीतिक जीवनको लामो अनुभव बोकेका देउवाबाट आएको यो अभिव्यक्ति सामान्य राजनीतिक वक्तव्य मात्र थिएन । यसको आफ्नै राजनीतिक सन्देश थियो । शक्ति, पद र गुटगत प्रतिस्पर्धाभन्दा माथि उठेर राष्ट्रिय एकता र राजनीतिक सहकार्यको वातावरण निर्माण गर्ने संकेतका रूपमा यसलाई बुझ्न सकिन्थ्यो । तर, वक्तव्यको अर्थ र त्यसपछिको व्यवहारबीच भने सुरुमै एउटा असहज दूरी देखियो ।

देउवा समर्थकले उनलाई नेपाली कांग्रेसको समानान्तर रूपमा खडा गरिएको कार्यालयमा पुर्‍याए र त्यहाँ नेपाली कांग्रेसको सभापति लेखिएको कार्यकक्षमा आसीन गराए । यही दृश्यले देउवाको वक्तव्यबाट उत्पन्न सकारात्मक सन्देशमाथि तत्कालै एउटा गम्भीर प्रश्न खडा गरिदियो । आजको संवैधानिक तथा राजनीतिक यथार्थमा देउवा नेपाली कांग्रेसका सभापति छैनन् । सम्बन्धित संवैधानिक तथा कानुनी प्रक्रियाले उनलाई पार्टीको वर्तमान सभापतिको हैसियत दिएको छैन । भविष्यमा यस विषयमा कुनै नयाँ राजनीतिक वा कानुनी परिस्थिति उत्पन्न हुन्छ कि हुँदैन, त्यो अलग विषय हो । अहिलेको प्रश्न त्यो होइन । मुख्य प्रश्न त यो हो-यदि देउवा वास्तवमै शक्ति र पद प्राप्त गर्न होइन, राष्ट्रिय एकता सुदृढ गर्न फर्किएका हुन् भने, त्यस अभियानको पहिलो आधार नेपाली कांग्रेसको एकता र संस्थागत सुदृढता हुनुपर्दैन ?

राष्ट्रिय एकता खोज्ने व्यक्तिले पहिले आफ्नै राजनीतिक घरभित्रको विभाजनलाई सम्बोधन गर्नुपर्छ । सहमति र सहकार्यको राजनीति अघि बढाउने व्यक्तिले आफ्नै पार्टीभित्र सहमतिको संस्कार निर्माण गर्नुपर्छ । त्यसैले देउवाको राष्ट्रिय भूमिकाको सम्भावना र नेपाली कांग्रेसको आन्तरिक एकता एकअर्कोबाट अलग विषय हुन सक्दैनन् । यहींनेर आजको मूल प्रश्न जन्मिन्छ-देउवाले नेपाल फर्किने क्रममा जुन राजनीतिक उद्देश्य सार्वजनिक गरे, त्यस उद्देश्यतर्फ अघि बढ्न उनले पहिलो कदम सही दिशामा राखे त ?

दुर्भाग्यवश, प्रारम्भिक दृश्यले सकारात्मक उत्तर दिन कठिन बनाएको छ । कसैले यसलाई समर्थकको उत्साह मात्र भनेर पन्छाउन सक्ला । तर, राजनीतिमा प्रतीकहरूको पनि आफ्नै अर्थ हुन्छ । पाँच महिनापछि स्वदेश फर्किएका एक वरिष्ठ नेताले आफू पद र शक्तिको आकांक्षाबाट मुक्त भएको सन्देश दिइरहेका बेला उनलाई समानान्तर कार्यालयमा पार्टी सभापतिको कार्यकक्षमा आसीन गराइनु केवल एउटा औपचारिक दृश्य मात्र रहँदैन । त्यसले एउटा राजनीतिक सन्देश दिन्छ-केन्द्रमा अझै पनि पद र नेतृत्वको दावी जीवित छ !

यदि त्यस्तो सन्देश गएको हो भने, त्यो देउवाको आफ्नै वक्तव्यसँग मेल खाँदैन । देउवाका लागि यो एउटा अवसर थियो-पुरानो विवादको पुनरावृत्ति नगरी नयाँ राजनीतिक अध्याय प्रारम्भ गर्ने । उनी चाहेको भए नेपाल फर्किने पहिलो दिनमै एउटा अत्यन्त शक्तिशाली प्रतीक स्थापित गर्न सक्थे । उनी कुनै पदको दावी नगरी, पार्टीका सबै पक्षलाई संवादमा बोलाउँदै, नेपाली कांग्रेसलाई पुनः एकताबद्ध बनाउने आफ्नो प्रतिबद्धता व्यवहारबाट देखाउन सक्थे ।

त्यसका लागि ठुलो राजनीतिक कार्यक्रम आवश्यक थिएन । एउटा साधारण, तर अर्थपूर्ण व्यवहार नै पर्याप्त हुन सक्थ्यो । उदाहरणका लागि- 'म अहिले कुनै पदको दावी गर्न आएको होइन; कांग्रेसलाई एकताबद्ध गर्न आएको हुँ । कांग्रेसभित्रको विवाद समाधान गरौं, संस्थालाई बलियो बनाऔं र त्यसपछि मात्र देशको राष्ट्रिय राजनीतिमा सहमति र सहकार्यको नयाँ आधार निर्माण गरौं ।'

यदि देउवाले यस्तो सन्देशलाई आफ्नो व्यवहारसँग जोड्न सकेका भए, उनको फर्काइको राजनीतिक अर्थ निकै फरक हुने थियो । किनकि देउवासँग एउटा महत्वपूर्ण राजनीतिक पुँजी अझै बाँकी छ- अनुभव । लामो समय नेपालको राष्ट्रिय राजनीतिमा निर्णायक भूमिका खेलेका नेताका रूपमा उनले शक्ति, सत्ता, संघर्ष, सहमति र असहमतिका अनेक चरण देखेका छन् । यही अनुभव अहिले उनको व्यक्तिगत राजनीतिक महत्त्वभन्दा पनि राष्ट्रिय राजनीतिक उपयोगिताका लागि महत्त्वपूर्ण हुन सक्छ । तर, त्यसका लागि एउटा आधारभूत परिवर्तन आवश्यक छ-पदको राजनीतिबाट भूमिका र नेतृत्वको राजनीतितर्फ संक्रमण । आज नेपाली कांग्रेस केवल नेतृत्वको विवादमा अल्झिएको पार्टी होइन । यो नेपालको लोकतान्त्रिक राजनीतिको एउटा महत्त्वपूर्ण संस्था हो । कांग्रेस कमजोर हुनु वा विभाजित हुनु केवल एउटा पार्टीको आन्तरिक समस्या मात्र हुँदैन; त्यसको प्रभाव राष्ट्रिय राजनीतिको स्थायित्व र लोकतान्त्रिक संस्थाको विश्वसनीयतामाथि पनि पर्न सक्छ । त्यसैले देउवाले आफ्नो फर्काइलाई व्यक्तिगत राजनीतिक पुनरागमनका रूपमा होइन, एकता र सहमतिको राजनीतिक पहलका रूपमा प्रमाणित गर्नुपर्ने चुनौती छ ।

उनको वक्तव्यले त्यसको सम्भावना देखाएको थियो । तर, समानान्तर कार्यालयमा सभापतिको कार्यकक्षमा आसीन भएको दृश्यले त्यस सम्भावनामाथि सुरुमै प्रश्न खडा गरिदिएको छ । यही कारणले भन्नुपर्छ-देउवाले एउटा महत्वपूर्ण अवसर गुमाएका छन् । तर, अवसर पूर्ण रूपमा समाप्त भएको छैन । राजनीतिमा एउटा कदमले सम्पूर्ण यात्रा निर्धारण गर्दैन । देउवाले अझै पनि आफ्नो पहिलो दिनको दृश्यभन्दा आफ्नो आगामी व्यवहारलाई ठुलो बनाउन सक्छन् । उनले चाहेको हो भने पार्टीभित्र संवादको पहल गर्न सक्छन् । विभिन्न धारका नेताहरूसँग भेटेर विश्वासको वातावरण बनाउन सक्छन् । सभापति पदको दावीभन्दा कांग्रेसको संस्थागत एकतालाई प्राथमिकता दिन सक्छन् । त्यसपछि मात्र राष्ट्रिय राजनीतिमा सहमति, सहकार्य र एकताको व्यापक अभियानमा आफ्नो भूमिका खोज्न सक्छन् ।

त्यो बाटो रोजेमा देउवाको आजको वक्तव्य केवल एउटा लिखित वक्तव्यमा सीमित रहने छैन । त्यो उनको राजनीतिक जीवनको नयाँ अध्यायको प्रारम्भ बन्न सक्छ । तर यदि वक्तव्यमा 'पद होइन, राष्ट्रिय एकता' भनिरहँदा व्यवहारमा फेरि पदकै प्रतीक र दावीलाई अघि सारियो भने राजनीतिक समाजले स्वाभाविक रूपमा प्रश्न गर्नेछ- देउवा साँच्चै नयाँ भूमिकाको खोजीमा फर्किएका हुन् कि पुरानै भूमिकाको पुनरावृत्तिका लागि ? अन्ततः देउवाको अगाडिको चुनौती यही हो । नेपाल फर्किनु एउटा घटना हो । वक्तव्य जारी गर्नु अर्को घटना हो । तर आफ्नो वक्तव्यलाई व्यवहारबाट प्रमाणित गर्नुचाहिँ वास्तविक राजनीति हो । देउवाले राष्ट्रिय एकताको कुरा गरेका छन् । त्यसको पहिलो परीक्षा राष्ट्रिय राजनीतिमा होइन, नेपाली कांग्रेसभित्रै हुनेछ ।

यदि उनले त्यो परीक्षा उत्तीर्ण गर्न सके भने उनको अनुभव पुनः राष्ट्रिय सम्पत्तिमा रूपान्तरित हुन सक्छ । तर, यदि प्रारम्भिक कदमले नै पुरानै शक्ति-संघर्षको संकेत दियो भने, उनले आफैंले घोषणा गरेको उद्देश्यको बाटोमा पहिलो अवरोध पनि आफैंले खडा गरेको ठहरिनेछ ।

त्यसैले आजको प्रश्न देउवा सभापति बन्ने वा नबन्ने मात्र होइन । प्रश्न यो हो- देउवा अब पद खोज्ने नेता बन्न चाहन्छन् कि आफ्नो लामो राजनीतिक अनुभवलाई सहमति, एकता र राष्ट्रिय हितका लागि प्रयोग गर्ने वरिष्ठ नेता ? उनको आजको वक्तव्यले दोस्रो सम्भावनाको ढोका खोलेको थियो । तर, त्यस ढोकाबाट उनी कुन दिशातर्फ अघि बढ्छन्-त्यसको निर्णय अब वक्तव्यले होइन, उनका आगामी कदमले गर्नेछन् ।

इतिहासको पाना

● सन्तोष खडेरी

सीमा विवाद सुल्झाउन जंगबहादुर घोडा चढेर कलकत्ता

कात्पनिक तस्बिर : एआई

जंगबहादुर राणाको शासनकालमा दाङ देउखुरीको दक्षिणी सीमावर्ती चुरे क्षेत्र (डुडुवा सुत्ला)मा नेपाल र ब्रिटिस भारतबीच लामो समयसम्म (सन् १८६१-१८७४) सीमा विवाद कायम थियो । सुगौली सन्धिअघिदेखि नै नेपालले निरन्तर उपभोग गर्दै आएको सो भूभाग देउखुरी र भारतको तुल्सीपुर राज्यको सिमानामा पर्थ्यो । नयाँ मुलुकका रूपमा बाँके, बर्दिया, कैलाली र कञ्चनपुर पाइसकेकाले जंगबहादुरले त्यो सानो टुका छाड्न पनि सक्थे । तर, उनी देशको एक इन्च भूभाग पनि छाड्न तयार थिएनन् ।

नेपालस्थित ब्रिटिस रेजिडेन्ट गर्ल्डस्टोनले भएका-नभएका कुरा लगाएर वार्ता भाँडिएपछि जंगबहादुरले कूटनीतिक चाल चले । उनले रेजिडेन्टलाई थापाथली दरबार बोलाएर भाइसरायसँग सामान्य भेटघाट र शिष्टाचारका लागि कलकत्ता जाने वातावरण मिलाउन लगाए । वातावरण बनेपछि जंगबहादुर काठमाडौंबाट घोडा दौडाउँदै बिहारको बाँकीपुरा (पटना)सम्म पुगे र त्यहाँबाट विशेष रेलवेमार्फत कलकत्ता पुगे ।

कलकत्तामा भाइसराय लर्ड नर्थब्रुकले उनको भव्य स्वागत गरे । भाइसराय काउन्सिलमा जंगबहादुरले सुब्बा बलवान सिंहको अंग्रेजी अनुवादमार्फत सीमा विवादको मुद्दा जोडदार रूपमा उठाए । सो भूभाग कुनै हालतमा नछाड्ने स्पष्ट अडान राख्दै उनले निर्णायक कार्यादेशसहितको संयुक्त आयोगको प्रस्ताव गरे, जसमा भाइसराय सहमत भए ।

वार्तामा दुवै पक्षको सहमतिमा मध्यस्थकर्ता चयन गरियो । नेपाली प्रतिनिधि कर्नेल सिद्धिमान सिंह राजभण्डारी, ब्रिटिस इन्डियाका तर्फबाट लेल्टिनेन्ट कर्णेल म्याक एन्ड्रुचु र मध्यस्थकर्ताका रूपमा टि.डी. फोर्सिथ छानिए । उक्त आयोगले अर्रा नदीदेखि बगौडातालको पहाडी भागमा रहेको चुरे शृंखलाको दक्षिण फेदीलाई दुई देशबीचको सीमा कायम गर्‍यो । ७ जनवरी १८७५ मा औपचारिक सम्झौतामा हस्ताक्षर भई सो भूभाग नेपालमै सुरक्षित रह्यो । राष्ट्रिय अखण्डता, भूगोलको रक्षा र ब्रिटिस साम्राज्यसामु जंगबहादुरले देखाएको यो कूटनीतिक अडान र चातुर्य नेपालको इतिहासमा सधैं स्मरणीय रहनेछ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

सेती अस्पताल सुधारमा प्रदेश सरकारको कडाइ

हरेक १५ दिनमा अनुगमन, बिरामीका गुनासा मुख्यमन्त्रीले आफैं सुन्ने

ललित बोहरा/मध्यान्ह
धनगढी, ३१ साउन

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्टले सेती प्रादेशिक अस्पतालको सेवा सुधारलाई प्राथमिकतामा राख्दै हरेक १५ दिनमा अस्पतालको अनुगमन गर्ने घोषणा गरेका छन् ।

आइतबार सामाजिक विकासमन्त्री सन्तोष शर्मा थापासहित सेती प्रादेशिक अस्पताल पुगेका मुख्यमन्त्री भट्टले आकस्मिक कक्ष, डायलायसिस कक्ष, आइसियू, गाइने वार्ड, फार्मेसी तथा अस्पताल परिसरको स्थलगत निरीक्षण गरेका हुन् ।

अनुगमनका क्रममा मुख्यमन्त्री भट्टले अस्पतालको सरसफाइ, सेवा प्रवाह, बिरामीको अवस्था र व्यवस्थापनबारे जानकारी लिएका थिए । उनले आकस्मिक कक्षसँगै जोडिएको शौचालयलगायतका स्थानको समेत निरीक्षण गर्दै अस्पताल प्रशासनलाई सरसफाइ र सेवा प्रवाह चुस्तदुरुस्त बनाउन निर्देशन दिए ।

मुख्यमन्त्री भट्ट र सामाजिक विकासमन्त्री थापाले अस्पतालमा उपचाररत बिरामीसँग प्रत्यक्ष भेट गरी उनीहरूका समस्या तथा गुनासा समेत सुनेका थिए । बिरामीहरूले उपचार सेवा, जनशक्ति अभाव र अस्पताल व्यवस्थापनसँग सम्बन्धित समस्या

मुख्यमन्त्रीसमक्ष राखेका थिए ।

अनुगमनपछि सञ्चारकर्मीसँग कुरा गर्दै मुख्यमन्त्री भट्टले अस्पतालको अवस्था हेर्दा आमूल सुधार आवश्यक देखिएको बताए । उनले अनुगमन प्रचारका लागि नभई सुधारका लागि 'एक्सन' मा जाने उद्देश्यले गरिएको स्पष्ट पारे ।

उनले आगामी दिनमा हरेक १५ दिनमा अस्पतालको अनुगमन गरिने र आवश्यकताअनुसार छड्के अनुगमनसमेत गरिने बताए । अस्पतालको समग्र सुधारका लागि एक हप्ताभित्र कार्ययोजना प्रदेश सरकारसमक्ष पेश गर्न मेडिकल सुपरिटेन्डेन्ट डा. हेमराज पाण्डेयलाई निर्देशन दिइएको छ ।

त्यस्तै, अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीले तोकिएको कार्यालय समय पालना गरे-नगरेको विवरण उपलब्ध गराउन समेत निर्देशन दिइएको छ । सुशासनका विषयमा कुनै सम्झौता नगर्ने भन्दै मुख्यमन्त्री भट्टले जनतालाई दुःख दिने अवस्थाको अन्त्य गर्न सरकार प्रतिबद्ध रहेको बताए । सेती प्रादेशिक अस्पताल सुदूरपश्चिममा सबैभन्दा बढी बिरामीको चाप रहने प्रमुख सरकारी अस्पताल हो । बिरामीको चापअनुसार पर्याप्त जनशक्ति र भौतिक पूर्वाधार नहुँदा सेवा प्रवाहमा समस्या देखिँदै आएको छ ।

अस्पतालमा स्वीकृत दरबन्दी सीमित रहे पनि अस्पताल व्यवस्थापन समिति तथा विभिन्न कार्यक्रमअन्तर्गत चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन गरी सेवा सञ्चालन हुँदै आएको छ । तर, बढ्दो बिरामीको चापअनुसार जनशक्ति, उपकरण तथा पूर्वाधार पर्याप्त नहुँदा बिरामीले प्रभावकारी सेवा पाउन कठिनाइ भोग्दै आएका छन् ।

मुख्यमन्त्री भट्टले सुदूरपश्चिमको स्वास्थ्य क्षेत्र प्रदेश सरकारको प्राथमिकतामा रहेको बताउँदै प्रदेशका अस्पताललाई क्रमशः आधुनिकीकरण गर्दै लैजाने प्रतिबद्धता जनाएका छन् । सेती प्रादेशिक अस्पताललाई थप व्यवस्थित र गुणस्तरीय सेवा दिने अस्पतालका रूपमा विकास गर्ने सरकारको लक्ष्य रहेको उनको भनाइ छ ।

नियमित अनुगमन र सुधारको कार्ययोजना कार्यान्वयन हुने हो भने सेती अस्पतालको सेवा प्रवाह, सरसफाइ, जनशक्ति व्यवस्थापन र बिरामीमैत्री वातावरणमा सुधार आउने अपेक्षा गरिएको छ ।

लागुपदार्थ र विपद्बाट बचाउन विद्यार्थीलाई प्रशिक्षण

सत्येन्द्रप्रताप सिंह/मध्यान्ह
रौतहट, ३१ साउन

रौतहटको सदरमुकाम गौर नगरपालिका-१ स्थित मदरसा इस्लामिया गौरमा समुदायमा आधारित लागुपदार्थ नियन्त्रण तथा विपद् व्यवस्थापनसम्बन्धी एक दिने विशेष सचेतनामूलक कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ । सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा हेडक्वार्टर रौतहटको आयोजनामा उक्त कार्यक्रम सञ्चालन गरिएको हो ।

सीमावर्ती क्षेत्रमा बढ्दो लागुऔषधको दुर्व्यसनी र बर्खायाममा आउन सक्ने प्राकृतिक विपद्का जोखिमलाई ध्यानमा राख्दै मदरसामा अध्ययनरत बालबालिकालाई लक्षित गरी चेतनामूलक कक्षा सञ्चालन गरिएको आयोजकले जनाएको छ ।

कार्यक्रममा प्रमुख प्रशिक्षकको रूपमा उपस्थित सशस्त्र प्रहरी नायब उपरीक्षक दुर्गा प्रसाद भट्टले बालबालिका तथा युवाहरू लागू पदार्थको कुलतमा फस्नुका कारण यसले शारीरिक, मानसिक तथा सामाजिक जीवनमा पार्ने गम्भीर असर र कुलतबाट बच्ने व्यावहारिक उपायहरूबारे विस्तृत प्रशिक्षण दिएका थिए ।

साथै उनले बाढी, पहिरो तथा आगलागीजस्ता विपद्का समयमा अपनाउनुपर्ने सतर्कता प्राथमिक

सुरक्षा र तत्कालीन उद्धारसम्बन्धी प्रयोगात्मक अभ्यासका जानकारी प्रस्तुत गरे ।

प्रशिक्षणका क्रममा मदरसाका विद्यार्थीहरूले लागुपदार्थको जोखिम र विपद् व्यवस्थापनका व्यावहारिक सीपबारे महत्त्वपूर्ण ज्ञान हासिल गरेका छन् ।

उक्त कार्यक्रममा स्थानीय भद्रभलादमी, नागरिक समाजका प्रतिनिधि, विभिन्न संचारक्षेत्रका सञ्चारकर्मी, मुस्लिम समुदायका अगुवा तथा अन्य सरोकारवालाहरूको उल्लेखनीय सहभागिता रहेको थियो । सहभागीहरूले सीमावर्ती क्षेत्रका बालबालिका र समग्र समुदायलाई सामाजिक विकृतिबाट जोगाउन र विपद्को पूर्वतयारीबारे सचेत गराउन यस्ता लक्षित कार्यक्रमहरूलाई निरन्तरता दिनुपर्नेमा जोड दिए ।

सशस्त्र प्रहरी बल रौतहटले समुदायसँगको सहकार्य र समन्वयलाई थप सुदृढ बनाउँदै लैजाने नीतिअनुरूप कार्यक्रम आयोजना गरिएको स्पष्ट पारेको छ । सामाजिक अपराध न्यूनीकरण, लागू औषध नियन्त्रण र विपद् व्यवस्थापनमा जनचेतना अभिवृद्धि गर्न नागरिक-सुरक्षा निकायबीचको सम्बन्धलाई थप कसिलो बनाउने उद्देश्यले आगामी दिनमा पनि यस्ता रचनात्मक कार्यहरू जारी राखिने प्रतिबद्धता प्रहरीले व्यक्त गरेको छ ।

गोरखकाली रबर उद्योग सञ्चालनको तयारी

गोरखा/मस–लामो समयदेखि बन्द रहेको गोरखकाली रबर उद्योग सञ्चालनमा ल्याउन विज्ञहरूले अनुगमन तथा अध्ययन गरेका छन् । गोरखा क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य कविन्द्र बुर्लाकोटी नेतृत्वको विज्ञहरुसहितको टोलीले आइतबार गोरखकाली रबर उद्योगको अध्ययन, भ्रमण गरेका हुन् ।

गोरखा नगरपालिका-१३ मभुवामा रहेको गोरखकाली रबर उद्योग सञ्चालनमा ल्याउन विश्लेषकीय भ्रमण गरेको सांसद बुर्लाकोटीले बताए । 'अर्थ, उद्योग र कानुन मन्त्रालयको प्रतिनिधिसहित गोरखकाली रबर उद्योगको विश्लेषकीय भ्रमण गरेका छौं', उनले भने, 'रबर उद्योग सञ्चालनमा ल्याउने कानुनी सम्भावन के हुन्छ, आर्थिक सम्भावन के हुन्छ भनेर यो भ्रमण पछि छलफल हुन्छ ।'

छिट्टै गोरखकाली रबर उद्योग सञ्चालन गर्न आर्थिक प्रस्तावनासमेत तयार गर्ने सांसद बुर्लाकोटीले जानकारी दिए ।

गोरखकाली रबर उद्योग २०४१ जेठ ३० गते चीन सरकारको सहयोगमा स्थापना भएको हो । उद्योगको शिलान्यास तत्कालीन राजा वीरेन्द्र शाहले २०४२ सालमा गरेका थिए । उद्योगले २०५० सालदेखि व्यावसायिक उत्पादन सुरु गरेको थियो । एक समय स्वदेशी बजारको टायर तथा ट्युबको मागको ठुलो हिस्सा धान्दै आएको गोरखबाली रबर उद्योग करिब ६७० रोपनी क्षेत्रफलमा फैलिएको छ । उद्योगमा सरकार, नागरिक तथा विभिन्न संघसंस्थाहरुको लगानी समेत रहेको थियो ।

वार्षिक करिब ८८ हजार टायर उत्पादन गर्न सक्ने क्षमता विकास गरेको गोरखकाली रबर उद्योगले ट्रक, जीप, भ्यान र कारका लागि विभिन्न प्रकारका टायर उत्पादन गर्दै आएको थियो । उद्योगका उत्पादन देशका प्रमुख सहरमा रहेका डिपोमार्फत बिक्री वितरण हुन्थ्यो ।

उद्योगले उत्पादन गरेका टायर भारत, बंगलादेश र श्रीलंकालगायत दक्षिण एसियाली मुलुकमा निर्यात गर्दै आएको थियो । कुनै समय स्वदेशी मागको ठुलो हिस्सा धान्दै आएको उद्योग २०७१ चैत २३ गतेदेखि पूर्णरुपमा बन्द भयो । लामो समयदेखि बन्द हुँदा यसका संरचना र मेसिनरी प्रयोगविहीन अवस्थामा छन् । लामो समयदेखि बन्द रहेको उद्योगमा राज्यको ठुलो लगानी र भौतिक संरचना प्रयोगविहीन बनेका छन् ।

जनआकाश मिडियाको १९औं वार्षिकोत्सव सम्पन्न

काठमाडौं/मस- जनआकाश मिडियाको १९औं वार्षिकोत्सव सम्पन्न भएको छ । मिडियाका प्रधान सम्पादक मोहन कार्कीको सभापतित्वमा आयोजित कार्यक्रममा निवर्तमान उपसभामुख तथा प्रतिनिधिसभा सदस्य इन्दिरा रानामगरको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा प्रेस काउन्सिल नेपालका निवर्तमान सदस्य शान्तराम बिडारी विशेष अतिथिका रूपमा सहभागी थिए । त्यस्तै, नेपाल व्यापार संघका अध्यक्ष गिरिराज पोखरेल, सगरमाथा आरोहण संघका अध्यक्ष दिवस पोखरेल, नेपाल जडीबुटी व्यवसायी संघका अध्यक्ष विष्णु भण्डारी, सुसेली प्रवर्धक दुर्गा अधिकारी भमरकोटे, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सूर्य सुवेदीलगायतको आतिथ्यता रहेको थियो ।

वार्षिकोत्सवका अवसरमा विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तित्वहरूलाई सम्मान गरिएको थियो । कार्यक्रममा प्रमुख अतिथि, विशेष अतिथि तथा अतिथिहरूले जनआकाश मिडियाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गरेका थिए ।

जनआकाश साप्ताहिकले विगत १० वर्षदेखि आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न सामाजिक कार्यसमेत गर्दै आएको जनआकाशका सञ्चालक तथा गीतकार, साहित्यकार एवं लेखक मोहन कार्कीले बताए । उनले सञ्चार क्षेत्रसँगै सामाजिक उत्तरदायित्वलाई समेत प्राथमिकतामा राख्दै विभिन्न सामाजिक गतिविधि सञ्चालन गर्दै आएको बताए ।

विदेशी उपाधिको समकक्षता निर्धारणको जिम्मेवारी अनुदान आयोगलाई

काठमाडौं/मस- विश्वविद्यालय अनुदान आयोगले विदेशी विश्वविद्यालय वा सोसरहका शैक्षिक संस्थाबाट प्राप्त शैक्षिक उपाधिको समकक्षता निर्धारणको जिम्मेवारी पाएसँगै प्रक्रिया सुरु गरेको छ । आयोगले पहिलो चरणमा करिब ३० जनाको समकक्षता निर्धारण गरेको छ ।

यसअघि त्रिभुवन विश्वविद्यालयले गर्दै आएको समकक्षता निर्धारणको जिम्मेवारी सरकारले विश्वविद्यालय अनुदान आयोगलाई दिएपछि आयोगले काम सुरु गरेको हो । आयोगका नवनियुक्त अध्यक्ष प्राडा खड्गबहादुर केसीले आफूले साउन २२ गते पदबहाली गरेको र साउन २५ गतेदेखि समकक्षता निर्धारणसम्बन्धी निर्णय गर्न थालिएको बताए ।

उनका अनुसार हाल त्रिभुवन विश्वविद्यालयकै समकक्षता निर्धारण कार्यविधिअनुसार काम भइरहेको छ भने आयोगको नयाँ कार्यविधि स्वीकृतिको चरणमा छ । विज्ञ जनशक्ति अभाव भएपछि आयोगले त्रिभुवन विश्वविद्यालयबाट कर्मचारी काजमा ल्याएर समकक्षता निर्धारण गरिरहेको छ ।

आयोगका सदस्य पदहरू रिक्त रहेकाले ती पदमा नियुक्ति

भएपछि नयाँ कार्यविधिले पूर्णता पाउने अध्यक्ष केसीले बताए । प्रस्तावित कार्यविधिमा आयोगका सचिवको अध्यक्षतामा समकक्षता निर्धारण समिति गठनको व्यवस्था गरिएको छ । आयोगले साउन १ गतेदेखि समकक्षताका लागि अनलाइन माध्यमबाट आवेदन दिन खुला गरेको थियो । यसअघि उच्च शिक्षाको समकक्षता निर्धारणको काम त्रिभुवन विश्वविद्यालयको शिक्षाध्यक्षको कार्यालयअन्तर्गतको पाठ्यक्रम विकास केन्द्रले गर्दै आएको थियो ।

सरकारले 'केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०८२' मार्फत 'विश्वविद्यालय अनुदान आयोग ऐन, २०५०' संशोधन गरी विदेशी विश्वविद्यालय वा सोसरहका शैक्षिक संस्थाबाट प्रदान गरिने शैक्षिक उपाधिको समकक्षता निर्धारण गर्ने अधिकार आयोगलाई दिएको हो ।

शिक्षा तथा खेलकुद मन्त्रालयका उच्चाधिकारीका अनुसार नयाँ व्यवस्थाले विदेशी विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गरेका विद्यार्थी तथा नेपालका विभिन्न विश्वविद्यालयबाट प्राप्त उपाधिको समकक्षता निर्धारणलाई एउटै केन्द्रीय निकायबाट व्यवस्थित गर्ने आधार तयार गरेको छ ।

संशोधित कानुनले आयोगलाई क्रेडिट ट्रान्सफर तथा विश्वविद्यालयको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (क्युएए) सम्बन्धी काम गर्ने अधिकार प्रत्यायोजन गरिएको छ ।

मालवाहक सवारीको ओभरलोड रोक्न ५ लाखसम्म जरिवाना प्रस्ताव

काठमाडौं/मस- सरकारले सडक तथा पुलको दीर्घकालीन संरक्षणका लागि मालवाहक सवारीको भारवहन क्षमतालाई कानुनी परिधिभित्र राख्ने व्यवस्थालाई कडाइका साथ लागू गर्ने तयारी गरेको छ ।

हाल मालवाहक सवारीले ल्याउने गरेको ओभरलोडका कारण सडकमा खाल्डाखुल्डी पर्ने, सडकको सतह दबिने र पुलमा क्षति पुग्ने गरेको देखिएको छ ।

सरकारले क्षमताभन्दा बढी लोड बोक्ने मालवाहक सवारीलाई पाँच लाख रुपैयाँ जरिवाना गर्नेगरी कानुन बनाउन लागेको हो । प्रस्तावित सार्वजनिक सडक विधेयकमा तोकिएको सीमाभन्दा बढी भार बोकेमा सवारीधनीलाई प्रतिपटक पाँच लाख रुपैयाँसम्म जरिवाना गर्ने प्रस्ताव गरिएको छ ।

विधेयकको दफा १३ मा मालवाहक सवारीसाधनको भारवहन तथा जरिवानासम्बन्धी व्यवस्था गरिएको छ । राष्ट्रिय योजना आयोगका सदस्य अर्जुनजंग थापाले मालवाहक सवारीसाधनले अत्याधिक लोड बोकेर सडक तथा पुललाई क्षति पुऱ्याएका आरोप लगाए ।

राज्यको अर्बौं रुपैयाँ लगानीमा निर्माण भएका सडकलाई टिकाउ बनाउन कानूनले तोकेको भारवहन सीमा पालना गराउनु आवश्यक रहेको उनको भनाइ छ । उनकाअनुसार हाल चार लेनका सडक निर्माणमा प्रतिकिलोमिटर २५ देखि ३० करोड रुपैयाँसम्म लागत लाग्ने गरेको छ । सडकमा क्षति पुग्ने गरी क्षमताभन्दा बढी भार बोक्ने सवारीलाई नियन्त्रण गर्नु सरकारको बाध्यता भएको उनले बताए । उनकाअनुसार मालवाहक सवारीसाधनले प्रत्येक एक्सलमा पर्ने

भारलाई कानुनी सीमाभित्र राख्नुपर्ने छ । कतिपयमा एउटा ट्रकमा १० टन मात्रै समान बोक्न पाइने भन्ने भ्रम पनि पैदा भएको उनले बताए ।

उनकाअनुसार एउटा ट्रकले एक सय टन क्षमताको सामान पनि बोक्न सक्छ, तर ट्रकको एक्सलबाट सडकमा पर्ने भार भने १० दशमलव २ टन हुनुपर्ने उनको भनाइ छ । धेरै एक्सल भएको ट्रक प्रयोग गरेर ठुलो परिमाणमा सामान ढुवानी गर्न भने कानूनले रोक नलगाएको उनले बताए । एउटा ट्रकमा सय टनसम्म समान ल्याउन सकिने तर एउटा एक्सलबाट पिचमा जाने भार १० दशमलव २ टनभन्दा बढी हुन नहुने उनको भनाइ छ । उनकाअनुसार युरोपका कतिपय मुलुकमा एक्सल लोडको सीमा करिब ८ दशमलव २ टन मात्रै छ ।

जुवाखालबाटै नगदसहित १५ जना पक्राउ

कपिलवस्तु/मस– कृष्णनगर नगरपालिका-३ झण्डानगरमा जुवातास खेलिरहेको अवस्थामा प्रहरीले १५ जना जुवाडेलाई पक्राउ गरेको छ ।

लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङबाट खटिएको विशेष प्रहरी टोलीले झण्डीनगरस्थित विनोद रावतको एकतले पक्की घरको कोठामा जुवातास खेलिरहेको अवस्थामा उनीहरूलाई नियन्त्रणमा लिएको हो ।

प्रहरीका अनुसार पक्राउ परेकाहरूको साथबाट ४ लाख ७५ हजार रुपैयाँ नगद, ३ बुङ तास तथा विभिन्न कम्पनीका १४ थान मोबाइल फोन बरामद गरिएको छ ।

पक्राउ परेका १५ जनालाई बरामद सामग्रीसहित आवश्यक कारबाही तथा अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय कृष्णनगर, कपिलवस्तुमा बुझाइएको प्रहरीले जनाएको छ ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

‘एलिफेन्ट इन द फग’लाई इन्फा अवार्डको विशेष सम्मान

काठमाडौं/मस– कान्सजस्तो विश्वकै ठुलो फिल्म फेस्टिभलमा अवार्ड जितेर नेपालमा प्रदर्शनको तयारीमा रहेको चलचित्र ‘तिनीहरू : एलिफेन्ट इन द फग’को टोलीले काठमाडौंको भृकुटीमण्डपमा नाइमा मोबिलिटी सोमा विशेष प्रस्तुति दिएको छ ।

टोलीले कार्यक्रमको सुरुवात चलचित्रमा समावेश गीत ‘शादी के दिन में (ला ला ला ला)’को प्रस्तुति र नृत्यबाट गरेको थियो । त्यसपछि टोली एनआइयूको स्टलमा पुगेको थियो, जहाँ उनीहरूले चलचित्रको गीत ‘बलम’मा नृत्य प्रस्तुत गरेका थिए ।

टोलीको प्रस्तुतिमा उपस्थित दर्शकहरू उत्साहित हुँदै सहभागी भएका थिए । दर्शकले सिनेमाबारे चासो राख्दै हेर्न हलमा जाने बताएका थिए ।

त्यसपछि टोलीले महेन्द्राको स्टलमा समेत विशेष प्रस्तुति दिँदै उपस्थित दर्शकलाई मनोरञ्जन प्रदान गरेको थियो । दर्शकले सिनेमाका कलाकारलाई साथ दिँदै सिनेमा हेर्नका लागि प्रतिक्षारत रहेको बताएका थिए ।

यो चलचित्र कान्स फिल्म फेस्टिभलको युएन सर्टेन रिगार्ड सेक्सनमा छनोट हुने पहिलो नेपाली फिचर फिल्म हो । यो विधामा छनोट भएर जुरी अवार्ड जितेर यो चलचित्रले नेपालको नाम इतिहासमा लेखेको थियो ।

यसैबीच, यो चलचित्रको टोली के-पप काठमाडौं डान्स फेस्टिभलमा

प्रमुख अतिथिका रूपमा सहभागी भएको छ । कार्यक्रममा टोलीले प्रतियोगिताका विजेता तथा सहभागीहरूलाई पुरस्कार तथा सम्मान प्रदान गरेको छ ।

कोरियन पप नृत्यको उत्सवका रूपमा आयोजना गरिएको कार्यक्रममा चलचित्रको टोलीले विजेता तथा सहभागी कलाकारहरूको हौसला बढाउँदै उनीहरूको प्रतिभाको सम्मान गरेको थियो ।

यस अवसरमा ‘तिनीहरू : एलिफेन्ट इन द फग’ कार्यक्रमको मुभी पार्टनर समेत रहेको थियो ।

यसैगरी, ‘तिनीहरू : एलिफेन्ट इन द फग’को टोलीलाई इन्फा अवार्डद्वारा विशेष सम्मान गरिएको छ ।

काठमाडौंमा आयोजित एक विशेष कार्यक्रममा चलचित्रको टोलीलाई नेपाललाई अन्तर्राष्ट्रिय मञ्चमा गौरवान्वित बनाएको भन्दै योगदानका लागि विशेष सम्मान गरिएको छ ।

सोही अवसरमा काठमाडौं महानगरपालिकाकी कार्यवहाक मेयर सुनीता डंगोलले चलचित्रको प्रशंसा गर्दै कान्स फिल्म फेस्टिभलमा भएको फिल्मको वर्ल्ड प्रिमियरमा आफू सहभागी भएको अनुभव सुनाइन् ।

उनले कान्समा चलचित्रले पाएको आठ मिनेट लामो स्ट्यान्डिङ अवेसन स्मरण गर्दै नेपाली फिल्मले अन्तर्राष्ट्रिय मञ्चमा प्राप्त गरेको यो उपलब्धि गौरवको विषय भएको बताइन् ।

डंगोलले दर्शकहरूलाई समेत यो चलचित्र हेर्न आग्रह गर्दै नेपाली चलचित्रलाई माया र समर्थन गर्न आह्वान गरिन् । ‘तिनीहरू : एलिफेन्ट इन द फग’ भदौ १९ देखि नेपालमा प्रदर्शन हुँदैछ ।

‘साम्राज्य’मा नाजिरको इन्ट्री



काठमाडौं/मस– निर्देशक सौरभ चौधरीले नयाँ चलचित्र ‘द राइज अफ साम्राज्य’मा भर्सटाइल अभिनेता नाजिर हुसेनलाई अनुबन्ध गराएका छन् । अभिनेता सौगात मल्ल र दयाहाङ राईपछि मुख्य भूमिकामा नाजिरले यो सिनेमामा प्रवेश गरेका हुन् ।

नाजिरसँग सौरभले यसअघि पनि सहकार्य गरिसकेका छन् । सौगातको ‘अगस्त्य’मा नाजिरले काम गरेका थिए ।

‘नाजिर आफैंमा भर्सटाइल अभिनेता हुन् । हामीले अब्बल कलाकार लिने क्रममा नाजिरसँग पनि यो चलचित्रमा सहकार्य गर्ने भएका छौं,’ निर्देशक सौरभ भन्छन्, ‘सौगात र दयाहाङ जस्तै नाजिरलाई पनि यो चलचित्रमा एक मुख्य कलाकारका रूपमा देख्न सकिनेछ ।’

सौगात, दयाहाङ र नाजिरपछि यस्तै अब्बल कलाकार अझै पनि सिनेमामा जोडिनेक्रम जारी नै रहने सौरभले बताएका छन् ।

डार्क हर्स इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण हुन लागेको यो चलचित्र मल्टिस्टार बन्ने यो लाइनअपल देखाइरहेको छ ।

यो चलचित्रमा उपन्यासकार बुद्धिसागरले कथा र पटकथा लेखेका छन् । यो चलचित्र ‘एपिक एक्सन ड्रामा’ हुने निर्देशक चौधरीको भनाइ छ ।

सौरभ चौधरी यसपटक पहिलेको तुलनामा अझ ठुलो क्यानभासमा फिल्म बनाउने योजनामा छन् । यो नेपाली सिनेमाकै ठुलो स्केलको एक्सन चलचित्र हुने निर्माण पक्षको दाबी छ ।

चलचित्रको छायांकन आगामी भदौ पहिलो साताबाट सुरु हुनेछ । निर्माण टिमले ७० दिनको छायांकन तालिका तयार पारेको छ, जसको अधिकांश हिस्सा पूर्वी नेपालमा खिचिनेछ ।

यो चलचित्रको निर्मातामा प्रवेश चौधरी र निला देव रहेका छन् । को-प्रोडुसरमा विश्वास बस्नेत (बेन) र कार्यकारी निर्मातामा शंकर पाण्डे छन् ।

मानकृष्ण महर्जनको डीओपी रहने यो चलचित्रको एक्सन डिरेक्टरमा श्री श्रेष्ठ छन् । डिजिटल पार्टनरमा ओएसआर डिजिटल रहेको छ भने पब्लिसिटी पार्टनरमा टौवा स्टुडियो छ । यो चलचित्रको वितरकमा डिसिएन रहेको छ ।

‘माया भनेकै यस्तो होला’मा इमोस्नल लभस्टोरी

काठमाडौं/मस- लामो समयपछि निर्देशनमा फर्किएकी रेखा थापाको चलचित्र ‘माया भनेकै यस्तो होला’को टिजरले पूर्ण प्रेमकथाको संकेत गरेको छ । सार्वजनिक टिजरले चलचित्रको कथा प्रेम’ र ‘विवाह’ बीचको अन्तर र द्वन्द्वलाई केन्द्रमा राखेको छ ।

विपरीतलिंगीप्रतिको आकर्षण, प्रेम, विश्वास, विवाह, बाध्यता र धोकालाई टिजरले प्राथमिकता दिएको छ । भावनात्मक अन्तरद्वन्द्व र सिनेमाको मुख्य ‘ट्विस्ट’ रहेको टिजरले संकेत गरेको छ ।

कवितात्मक लयबाट सुरु हुने टिजरमा संवाद छ, ‘जुन केटीसँग म विवाह गर्न आएँ, उनी त्यो थिइनन्, जसलाई मैले माया गरेको थिएँ ।’ यसले बाध्यता र विवशताको पनि संकेत गर्छ, जुन कुरा टिजरमा देखिने महिला पात्रहरू र मुख्य पुरुष पात्रको दृश्य, संवाद र अभिनयले पनि प्रस्ट पार्छ ।

टिजर अनुसार अभिनेता दिल श्रेष्ठको जीवनमा दुई युवतीको प्रवेश हुन्छ, नीति शाह र सृष्टि श्रेष्ठ । सुरुवातमा दील र नीतिको प्रेमलाई रोमान्टिक शैलीमा देखाइएको छ । उनीहरू सँगै हाँसेका, रमाएका र भविष्यको सपना बुनेका दृश्यहरू छन् । तर, कथामा यस्तो मोड आउँछ जहाँ दिल श्रेष्ठ विवाहको मण्डपमा त पुग्छन्, तर उनको अगाडि उनले चाहेकी प्रेमिका हुन्नन् ।

टिजरले दर्शकलाई एउटा प्रश्न छाडेको छ, के नीतिको ठाउँमा अचानक सृष्टिको प्रवेश भएको हो ? वा सृष्टि र नीति दिदी-बहिनी हुन् ? टिजरमा कलाकारहरू रोएको, मदनकृष्ण श्रेष्ठ गम्भीर मुद्रामा देखिएको र पारिवारिक तनावका दृश्यहरूले ‘बाध्यता’ वा ‘धोका’बीच विवाह भएको त होइन भन्ने आशंका गर्ने ठाउँ छोडेको छ ।

टिजरमा नीतिलाई चञ्चल र प्रेमिल अवतारमा देखाइएको छ । सृष्टि श्रेष्ठको भूमिका केही गम्भीर र रहस्यमय देखिएको छ । अर्की अभिनेत्री नम्रता श्रेष्ठको उपस्थितिले पनि कथामा नयाँ आयाम थपेको छ ।

टिजरले सिनेमाको कथा सरल रेखामा नबगेर प्रशस्त ट्विस्ट रहेको देखाएको छ, जसले दर्शकलाई बाँधेर राख्ने क्षमता राखोस् ।

निर्देशक रेखा थापाले यसअघिका चलचित्रमा ‘एक्सन’ र ‘नारी शक्ति’लाई बढी प्राथमिकता दिने गरे पनि यस पटक उनले ‘इमोसनल ड्रामा’लाई रोजेकी छिन् । टिजरमा प्रयोग गरिएका संवादहरू, ‘खुसी मेरो आँखामा देखियोस्, पीडा तिम्रो मनमा भए आँसु मेरै आँखाले बगाओस्’ ले चलचित्रमा इमोस्नल इलिमेन्ट रहेको दर्शाउँछ ।

दिल श्रेष्ठले आफ्नो साँचो प्रेम पाउलान् वा उनले आफ्नो प्रेमको बलिदानी दिनेछन् ? यसको उत्तरका लागि भने फिल्म नै कुर्नुपर्नेछ ।

सुदीप बरालको सिनेमाटोग्राफीले हरेक दृश्यलाई जीवन्त बनाउने प्रयास गरेको छ । भदौ २६ गते रिलिज हुने यो चलचित्रले प्रेममा परेकाहरू मात्र होइन, परिवारका सदस्यहरूलाई पनि हलसम्म तान्ने निर्माणपक्षको दाबी छ ।

चलचित्रमा वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठ, दिल श्रेष्ठ, पूर्व मिस नेपालहरू सृष्टि श्रेष्ठ, नम्रता श्रेष्ठ र पूर्वमिस नेपाल इन्टरनेसनल नीति शाहको मुख्य भूमिकामा छन् । लक्ष्मी गिरी, राजाराम पौडेल, विशाल पहाडी, संगम भण्डारी, सुजाता श्रेष्ठ र विनोद पौडेललगायतको पनि अभिनय रहेको छ ।

‘दिया एन्ड अमु फिल्मस्’को ब्यानरमा निर्माण भएको चलचित्रमा हरि नारायण श्रेष्ठ, माया देवी श्रेष्ठ, नवराज श्रेष्ठ, जस्मिन श्रेष्ठ र प्रकाश श्रेष्ठ निर्माता छन् ।

यस चलचित्रले सुमधुर प्रेम कथाका माध्यमबाट सामाजिक भावना र परिवेशलाई उठान गर्नेछ । ध्रुव लम्सालको पटकथा लेखन रहेको छ ।

सुदीप बरालको छायांकन रहेको चलचित्रमा अनिरुद्ध आत्रेय प्रमुख सहायक निर्देशक, राजन घिमिरे फिल्म संयोजक, संगीत प्रशान्त सिवाकोटी, ड्रेस डिजाइनर सुजेनी मल्ल, मेकअप प्रिया कार्की, प्रोडक्सन चुडामणी (सिएम) छन् ।

यो चलचित्रलाई देशभरका प्रमुख वितरक कम्पनीहरू रीच इन्टरटेन्मेन्ट, एप्पल इन्टरटेन्मेन्ट र एफडी कम्पनीले वितरणको जिम्मा लिएका छन् ।

‘सिम सिम पानी’को छायांकन सम्पन्न



काठमाडौं/मस- म्युजिक भिडियो ‘सिम सिम पानी’को छायांकन सम्पन्न भएको छ । आकर्षक कथा, नेपाली मौलिक परिवेश र सुन्दर दृश्यलाई समेटिएको यस भिडियोको छायांकन गागलफेदीस्थित सुन्दर फिल्म रिसोर्टमा गरिएको हो ।

उपेन्द्र पन्तको स्वर तथा शब्द रहेको गीतमा गंगा सोनामको महिला स्वर रहेको छ । भिडियोका निर्माता उमा गौचन र सरोज पाण्डे हुन् भने बाल कलाकारका रूपमा सान्युग गौचन र समिया कार्कीको अभिनय रहेको छ । भिडियोको कोरियोग्राफी दावा तामाङले गरेका छन् भने निर्देशन नितिन चन्दले गरेका हुन् ।

भिडियोमा अभिनेत्री गरिमा शर्मा र उदाउँदै गरेका अभिनेता सन्दीप बाबु लोहनीलाई मुख्य जोडीका रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै, सरोज पाण्डे ‘काका’को भूमिकामा आकर्षक तथा अभिभावकीय व्यक्तित्वका रूपमा देखिएका छन् । वरिष्ठ तथा चर्चित कलाकार हिउँबाला गौतम ‘सानीआमा’को भूमिकामा प्रस्तुत भएकी छन् ।

गागलफेदीको प्राकृतिक सौन्दर्य, नेपाली मौलिक जीवनशैली र ग्रामीण परिवेशलाई केन्द्रमा राखेर तयार गरिएको भिडियोका सेटका दृश्यहरू निकै आकर्षक देखिएको निर्माण टोलीले जनाएको छ ।

‘सिम सिम पानी’ तिज पर्वपछि सार्वजनिक गर्ने तयारी गरिएको बताइएको छ । मौलिक नेपाली स्वाद, आकर्षक कलाकारको जोडी, पारिवारिक कथा र सुन्दर दृश्य समेटिएको यो परियोजना यस वर्षका प्रतीक्षित म्युजिक भिडियोमध्येमा पर्न सक्ने अपेक्षा गरिएको छ ।

पूर्वन्यायाधीश ओझाको प्रेरणादायी सांगीतिक यात्रा

काठमाडौं/मस– जीवनका झन्डै चार दशक न्यायसेवामा समर्पित गरेका एक व्यक्तित्व अवकाशपछि फरक भूमिकामा देखा परेका छन् । पूर्वजिल्ला न्यायाधीश तथा उच्च अदालतका न्यायाधीशका रूपमा लामो समय कानुनका अक्षर र न्यायका संवेदनशील पक्षसँग साक्षात्कार गरेका भीमकुमार ओझा यतिबेला नेपाली गीतसंगीतको क्षेत्रमा एक सफल गीतकारका रूपमा स्थापित हुँदै गएका छन् ।

बाल्यकालदेखि नै गीतसंगीतमा रुचि भए पनि व्यावसायिक व्यस्तताका कारण ओझाको त्यो चाहना लामो समय मनभित्रै सीमित थियो । तर, न्यायसेवाबाट अवकाश पाएपछि भने उनले आफ्नो सिर्जनात्मक सपनालाई साकार पार्ने अभियान सुरु गरेका छन् । न्यायाधीशका रूपमा कानुनका कठोर धाराहरूबीच समाजका अनेक कथा पढेका ओझाले अहिले तिनै भोगाइ र मानवीय संवेदनालाई गीतका कोमल शब्दमार्फत अभिव्यक्त गरिरहेका छन् ।

गीतकारका रूपमा सक्रिय भएको छोटो अवधिमै ओझाले आधुनिक, लोकलय, पूर्वेली र पश्चिमेली गरी विभिन्न शैलीका ३० भन्दा बढी गीतहरू रेकर्ड गराइसकेका छन् । उनका सिर्जनाहरू ‘भीमकुमार ओझा अफिसियल’ नामक युट्युब च्यानलमार्फत श्रोतामाझ पुगिरहेका छन् ।

ओझाको सांगीतिक यात्राको एउटा महत्वपूर्ण मोड नेपाली कथानक चलचित्र ‘लज्जावती’ बनेको छ । उक्त चलचित्रमा उनले रचना गरेको गीत ‘मलाई पीर परेको तिमीलाई के थाहा छ’ समावेश गरिएको छ । चलचित्र हेर्ने दर्शकहरूले उक्त गीत केवल एउटा पार्श्व संगीत मात्र नभई चलचित्रको भावनात्मक संरचना र कथाको मूल भावसँग गहिरोसँग जोडिएको प्रतिक्रिया दिएका छन् । गीतमा समेटिएको मानवीय संवेदनाले दर्शकको मन स्पर्श गर्न सफल भएको छ ।

सिर्जनाको कुनै अवकाश हुँदैन न्यायको इजलासबाट शब्द र भावनाको संसारमा प्रवेश गरेका ओझाको यो रूपान्तरण धेरैका लागि प्रेरणाको स्रोत बनेको छ । जीवनको उत्तरार्धमा आएर नयाँ पहिचान बनाउनुले ‘सिर्जनाको कुनै अवकाश हुँदैन’ भन्ने सन्देश दिएको छ । चाहना र लगाव भए जीवनको जुनसुकै मोडबाट पनि नयाँ यात्रा सुरु गर्न सकिन्छ भन्ने ओझाको यो यात्राले पुष्टि गर्दछ ।

हिजो न्यायको पक्षमा उभिने उनको कलम अहिले मानवीय भावना, प्रेम र जीवनका अनेक रङहरू समेट्दै गीत लेख्न व्यस्त छ । आगामी दिनमा उनका कलमबाट अझ धेरै जीवनका कथाहरू गीतका रूपमा आउने अपेक्षा गरिएको छ ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८३/०५/०२

यस कम्पनीको मिति २०८३।०४।१६ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार सावित कम्पनी **क्याफे सोसाईटी प्रा.लि. (दर्ता नं. ३०५५३३)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०४।२९ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **जिंक ग्रुप प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८३/०५/०१

यस कम्पनीको मिति २०८३।०३।२३ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार सावित कम्पनी **वाउ डेभलपमेन्ट क्वालिटी एश्योरेन्स प्रा.लि. (दर्ता नं. २५२७२६)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०४।२६ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **लुसिन एआई प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

नामथर र जन्ममिति फरक परेको पारिवारिक विवरण प्रमाणित सूचना

जिल्ला प्रशासन कार्यालय चितवनको प.सं. २०८३।८४, च.न. ५४०, मिति २०८३।०४।२८ को प्रमाणित सम्बन्धमा शीर्षकको पत्रअनुसार चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं. १२ निवासी भारतीय सैनिक नं. जे.सी. ६२९५९२पी सुबेदार **नर बहादुर भण्डारी**ले **मेरो र तपसिल बमोजिमको परिवारको सदस्यको नागरिकता प्रमाणपत्र** र **पेन्सन अभिलेखमा नामथर** र **जन्ममिति फरक परेता पनि फरक नामथर र जन्ममिति भएको निजहरु एकै/एकै व्यक्ति भएकोले एकै व्यक्ति भएको व्यहोरा प्रमाणित गरी पाउँ** भनी यस कार्यालयमा पेश गरेको निवेदन सम्बन्धमा भरतपुर महानगरपालिका १२ नं. वडा कार्यालयको च.नं. ३७५, ३७७ र ३७८ मिति २०८३/०४/२७ को सिफारिस पत्रको आधारमा तपसिल अनुसारको पारिवारिक विवरण सहित सिफारिस भई आएकोले सोही व्यहोरा भारतीय पेन्सन प्रयोजनार्थ प्रमाणित गरिएको छ ।

तपसिल

क्र. सं.	नागरिकता प्रमाणपत्रमा भएको नामथर	पेन्सन अभिलेखमा भएको नामथर	नाता	नागरिकतामा भएको जन्ममिति	पेन्सन अभिलेखमा भएको जन्ममिति
१	नर बहादुर भण्डारी		पेन्सनर	२०१८/०६/२७ सन् १३-१०-१९६१	सन् १५-१०-१९६३
२	देवी भण्डारी		श्रीमती	२०२५/०३/१० सन् २३-०६-१९६८	सन् २१-०७-१९६८
३	इन्द्र भण्डारी		जेठो छोरा	२०४४/०८/०१ सन् १७-११-१९८७	सन् ३०-११-१९८७
४	किशोर भण्डारी	HAMENT BHANDARI	कान्छो छोरा	२०४८/०३/१० सन् २४-०६-१९९१	सन् १९-११-१९९०

नाम क्रमश:
नर बहादुर भण्डारी
देवी भण्डारी
इन्द्र भण्डारी
किशोर भण्डारी

एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड

पिपल्स च्वाइसको मनोनयन सार्वजनिक

काठमाडौं/मस– नेपाली खेलकुदको प्रतिष्ठित एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड २०८२ को पिपल्स च्वाइस अवार्डको मनोनयन सार्वजनिक भएको छ । काठमाडौंमा आइतबार पत्रकार सम्मेलनमार्फत एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्डअन्तर्गत २३औं संस्करणको पिपल्स च्वाइस विधाका पाँच मनोनयन सार्वजनिक गरिएको हो । नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ)ले २०५२ सालदेखि अवार्ड आयोजना गर्दै आएको छ । यसपल्ट नौ विधामध्ये पिपल्स च्वाइसमा भलिबलकी मिना सुनार, फुटबलर पूजा राना, कराते खेलाडी सानुमाया थिङ, क्रिकेटर शेर मल्ल र मिक्स मार्सल आर्ट्स (एमएमए)का रविन्द्र ढाँट छन् । मञ्चका सचिव अनिल मल्ल ठकुरी सम्मिलित पाँच सदस्यीय खेलाडी छनोट समितिले उक्त नाम छनोट गरेको हो । भलिबलमा मिना शक्तिशाली स्पाइकरका रूपमा उदाउँदै छिन् । काभा महिला च्याम्पियनसिपमा प्रभावशाली प्रदर्शन गरेकी मिनाले काभा महिला क्लव च्याम्पियनसिपमा पुलिसलाई तेस्रो स्थान दिलाउन योगदान गरेकी थिइन् ।

फुटबलमा अन्तर्राष्ट्रिय स्तरमा पूजाले पनि आफ्नो क्षमता देखाएकी छन् । एसियन कप छनोटमा रहेकी पूजाले विदेशका व्यावसायिक लिगमा समेत प्रभाव छाडेकी छन् । उनी भुटानको ट्रान्सफर युनाइटेड तथा बंगलादेशका फरासगन्ज एफसी र नासरिन स्पोर्ट्स

एकेडेमीबाट आबद्ध भएर खेलिसकेकी छन् । अन्तर्राष्ट्रिय प्रतियोगितामा करातेकी सानुमायाले पनि निरन्तर सफलता हासिल गरिरहेकी छन् । इजिप्टमा भएको विश्व कराते च्याम्पियनसिपमा एकल कातामा प्रतिष्पर्धा गरेकी थिङले २१औं एसियन कराते च्याम्पियनसिपमा पदकका लागि प्रतिस्पर्धा गरेकी थिइन् । उनी दक्षिण एसियाली कराते च्याम्पियनसिपमा टिम कातामा स्वर्ण र एकल कातामा रजत विजेता हुन् ।

क्रिकेटमा शेरले छोटो समयमै उल्लेखनीय छाप छाडेका छन् । आइसिसी टी-२० विश्वकपमा डेब्यु खेलमै पहिलो बलमा विकेट लिएका शेरले मलेसियामा भएको एसियन गेम्स क्वालिफायरमा हङकङविरुद्ध चार तथा मलेसियाविरुद्ध तीन विकेट लिए । मिक्स मार्सल आर्ट्समा रवीन्द्र ढाँट 'बझाङका बाघ'का रूपमा परिचित छन् । रोड टु युएफसीको सेमिफाइनल पुग्ने पहिलो नेपाली फाइटर बनेका ढाँटले नेपाली एमएमएलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउने सम्भावना बोकेका छन् ।

खेलकुद पत्रकार मञ्च र विद्युतीय भुक्तानीका लागि चर्चित सेवाप्रदायक कम्पनी खल्ती बाई आइएमईबीच आइतबारै भोटिङ पार्टनरका रूपमा प्रायोजन सम्झौता भएको छ । सम्झौता पत्रमा खल्ती बाई आइएमईकी मेनेजर पूजा धामी र नेपाल खेलकुद पत्रकार मञ्चका अध्यक्ष निरञ्जन अधिकारीले हस्ताक्षर गरेका थिए । एनएसजेएफले पिपल्स च्वाइस अवार्डको मत खल्ती मार्फत गर्नेछ । सो अवसरमा धामीले यस वर्ष पनि जोडिन पाउँदा खुसी लागेको बताउँदै खेलाडीको सम्मानमा मञ्चले गर्ने यो ग्रान्ड कार्यक्रम सरहानीय कार्य रहेको बताइन् ।

यसैगरी मञ्चका अध्यक्ष अधिकारीले आइएमई खल्ती परिवारप्रति कृतज्ञता व्यक्त गर्दै खल्तीले स्पोर्ट्स अवार्डलाई थप उचाइमा लग्ने विश्वास व्यक्त गरे । यसैगरी महासचिव अञ्जन खड्काले यस सम्झौताले स्पोर्ट्स अवार्डलाई थप उचाइमा लैजाने अभियानमा आइएमई खल्ती परिवारप्रति निरन्तर सहकार्यका लागि आभार व्यक्त गरे ।

टप इन्ड टी–२० सिरिज खेल्न जाने नेपाली टोलीको बिदाइ

काठमाडौं/मस– अस्ट्रेलियामा आयोजना हुने 'टप इन्ड टी-२०' क्रिकेट प्रतियोगितामा सहभागी हुन जाने नेपाल 'ए' टोलीलाई आइतबार एक औपचारिक कार्यक्रमका बीच बिदाइ गरिएको छ ।

नेपाली टोली सोमबार राति अस्ट्रेलियातर्फ प्रस्थान गर्ने तालिका रहेको छ । प्रतियोगिताको तालिकाअनुसा नेपालले अगस्ट २१ मा नर्दन टेरिटोरी स्ट्राइकविरुद्ध खेल्दै आफ्नो भ्रमणको सुरुवात गर्नेछ । यसैगरी, नेपालले अगस्ट २२ मा बंगलादेश हाई पर्फमेन्स, २४ मा होबार्ट हरिकेन्स, २६ मा एसिटी कमेट्स, २७ मा किंगसम्यान र २९ मा भिक्टोरियाविरुद्ध प्रतिस्पर्धा गर्ने तय भएको छ ।

उक्त टी-२० सिरिजको समाप्तिपछि नेपाल 'ए' टोलीले थप अभ्यासका लागि न्युजिल्यान्ड 'ए', तास्मानिया र दक्षिण अस्ट्रेलियासँग एकदिवसीय खेलसमेत खेल्ने कार्यक्रम रहेको छ । आइतबार आयोजित टोलीको बिदाइ कार्यक्रममा बोल्दै कप्तान अनिल साह र प्रशिक्षक राजु बस्न्यातले यस भ्रमणलाई नेपाली क्रिकेटको दीर्घकालीन हित र खेलाडीहरूको क्षमता अभिवृद्धिका लागि एक महत्वपूर्ण अवसरको रूपमा लिएको बताए ।

प्रशिक्षक राजु बस्न्यातले नेपाल 'ए' टोलीको अवधारणाले नेपाली क्रिकेटको 'बेन्च स्ट्रेन्थ' बलियो बनाउन महत्वपूर्ण भुमिका खेलेको बताए । उनले पछिल्लो ५-६ महिनामा 'ए' टोलीबाट उत्कृष्ट प्रदर्शन गर्दै खेलाडीहरू सिनियर टोलीमा पुग्नु र फर्म गुमाएका सिनियर खेलाडीहरूले यहाँबाट पुन: लय समात्नु नेपाली क्रिकेटका लागि सकारात्मक पक्ष भएको उल्लेख गरे ।

यस्तै, कप्तान अनिल साहले टोलीमा कुशल भुर्तेल, कुशल मल्ल र लोकेश बम जस्ता अनुभवी खेलाडीहरूको उपस्थितिले युवा र उदीयमान खेलाडीहरूलाई नयाँ कुरा सिक्न र आत्मविश्वास बढाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे । सिनियर खेलाडीहरू 'ए' टोलीमा आउनुलाई सामान्य प्रक्रिया मान्दै उनले भने, 'यो एक स्वाभाविक प्रक्रिया हो । अन्तर्राष्ट्रिय स्तरमा पनि स्थापित खेलाडीहरूले आफ्नो लय फिर्ता पाउन घरेलु वा 'ए' टोलीबाट खेल्ने अभ्यास छ ।'

अस्ट्रेलियाको खेल मैदान र वातावरणीय अवस्था (कन्डिसन) नेपाली खेलाडीहरूका लागि मुख्य चुनौती रहने देखिएको छ । गत वर्षको अनुभवलाई स्मरण गर्दै प्रशिक्षक बस्न्यातले ब्याटिङभन्दा पनि फिल्डिङमा बढी सुधार गर्नुपर्ने आवश्यकता औंल्याए ।

'अस्ट्रेलियाका मैदानमा बाउन्ड्री निकै ठुला हुन्छन् र लाइटको कारणले उच्च क्याचहरू लिन कठिन हुनसक्छ । हामी यी कन्डिसनहरूसँग चाँडै अनुकूलन (एडाप्ट) हुन विशेष केन्द्रित छौं,' उनले भने ।

टोलीको सन्तुलन र हालैको तयारीबाट कप्तान र प्रशिक्षक दुवै सन्तुष्ट देखिएका छन् । नेपाली 'ए' टोलीले अस्ट्रेलियामा उत्कृष्ट प्रदर्शन गर्नेमा आफू ढुक्क रहेको बताउँदै कप्तान साहले यस भ्रमणबाट नेपाली क्रिकेटले सकारात्मक नतिजा हासिल गर्ने अपेक्षा राखेका छन् ।

अस्ट्रेलियामाथि बंगलादेशको ऐतिहासिक जित

काठमाडौं/मस– बंगलादेशले डार्विनमा भएको पहिलो टेस्ट म्याचमा विश्वको शीर्ष वरीयताको टोली अस्ट्रेलियालाई ९ विकेटले स्तब्ध पार्दै ऐतिहासिक जित दर्ता गरेको छ । यो बंगलादेशका लागि अस्ट्रेलियाली भूमिमा प्राप्त पहिलो टेस्ट विजय हो, जसलाई २६ वर्षको टेस्ट इतिहासकै सबैभन्दा ठुलो उपलब्धिको रूपमा हेरिएको छ ।

डार्विनमा भएको यस खेलमा टस जितेर पहिले ब्याटिङ गरेको अस्ट्रेलिया पहिलो इनिङ्समा १९८ रनमै समेटिएको थियो, जसमा स्टिभ स्मिथले ७१ रन बनाएका थिए । जवाफमा बंगलादेशले तान्जिद हसनको १०१, कप्तान नजमुल हुसेन शान्तोको ८४ र मेहिदी हसन मिराजको ६५ रनको मद्दतले ४२६ रनको विशाल योगफल तयार पार्दै २२८ रनको अग्रता लिएको थियो ।

दोस्रो इनिङ्समा क्यामरुन ग्रीनले जुझारु १०४ रन बनाए पनि अस्ट्रेलिया २८४ रनमा अलआउट भयो । जितका लागि पाएको ५७ रनको झिनो लक्ष्य बंगलादेशले चौथो दिनमै एक विकेट गुमाएर पूरा गर्‍यो । मोमिनुल हक ३० रनमा र सादमान इस्लाम २५ रनमा अविजित रहे ।

बंगलादेशको यो ऐतिहासिक जितमा तीव्र गतिका बलर हसन महमुद र स्पिनर मेहिदी हसन मिराजको प्रदर्शन निर्णायक रह्यो । महमुदले पहिलो इनिङ्समा ५५ रन दिएर ६ विकेट र दोस्रो इनिङ्समा ३ विकेट गरी कुल ९ विकेट लिँदै 'प्लेयर अफ द म्याच' चुनिए ।

यस्तै, अलराउन्डर मेहिदी हसन मिराजले चौथो दिन चम्किँदै ६६ रन दिएर ५ विकेट लिए । उनले स्टिभ स्मिथ, एलेक्स केरी र प्याट कमिन्स जस्ता महत्वपूर्ण विकेट लिएर अस्ट्रेलियाको मध्यक्रम ध्वस्त पारेका थिए । मिराजले ब्याटिङतर्फ पनि पहिलो इनिङ्समा महत्त्वपूर्ण ६५ रनको योगदान दिएका थिए ।

अस्ट्रेलियाली सञ्चारमाध्यमका अनुसार यो अस्ट्रेलियाले टेस्ट क्रिकेटमा भोगेको सबैभन्दा 'लज्जास्पद हार' मध्येको एक हो । बंगलादेशका कप्तान नजमुल हुसेन शान्तोले यसलाई बंगलादेशको क्रिकेट इतिहासकै सबैभन्दा ठुलो जित भएको बताएका छन् । उनले भने, 'मलाई गर्व छ, टोलीका साथीहरूले कडा मिहिनेत गरेका थिए र अब हामी भविष्यमा अझ विशेष गर्ने सोचमा छौं ।'

अस्ट्रेलियाली कप्तान प्याट कमिन्सले बंगलादेशले सबै क्षेत्रमा आफूहरूलाई पछि पारेको स्वीकार गरे । उनले बंगलादेशी खेलाडीहरूको धैर्यता र अनुशासनको प्रशंसा गर्दै आफ्नो टोलीको तयारीमा कुनै कमी नरहे पनि बंगलादेश उत्कृष्ट साबित भएको बताए ।

यो अप्रत्याशित र गौरवमय जितपछि बंगलादेशका प्रधानमन्त्री तारिक रहमानले भिडियो कलमार्फत खेलाडीहरूलाई बधाई दिएका छन् । उनले सामाजिक सञ्जालमार्फत टोलीलाई स्वदेशमा स्वागत गर्न आतुर रहेको सन्देश समेत दिएका छन् । केही दिनअघि मात्रै अभ्यास खेलमा बंगलादेशको टोली क्रिकेट अस्ट्रेलिया ११ सँग मात्र ५४ रनमा अलआउट भएको थियो । साथै, बंगलादेशका मुख्य तीव्र गतिका बलरहरू नहिद राना र शोरिफुल इस्लाम चोटका कारण यस खेलमा अनुपस्थित थिए ।

दुई टेस्टको शृंलामा बंगलादेशले १-० को अग्रता लिएको छ । दोस्रो तथा अन्तिम टेस्ट म्याच अगस्ट २२ देखि सुरु हुनेछ । नवौं वरीयतामा रहेको बंगलादेशले पहिलो वरीयताको अस्ट्रेलियालाई उसकै घरमा हराएपछि विश्व क्रिकेट जगतमा तरंग पैदा भएको छ ।

युएईमा रोजगार कम्पनी : ARMED FORCES OFFICERS CLUB AND HOTEL शहर: UAE
पुर्व स्वीकृत मिति: २०८३/०३/२१ चलानी नं.: ६०२५७६६६ L.T. No.:344416 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Chambarmaid/chamberman	0	25	सम्बन्धित काममा दक्ष	1000	४१४९०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Chamber Man/chambermaid	75	0		1000	४१४९०							
3.	Commis Kitchen	25	0		1000	४१४९०							
4.	Office Assistant/office Boy	25	0		1000	४१४९०							
5.	Steward	75	25		1000	४१४९०							
6.	Waiter	50	0		1000	४१४९०							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ८ गते (24 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic No.: 69/052/53
सुनकोशी म्यानपावर सर्भिस प्रा.लि.
घुम्बाराही, काठमाडौं, नेपाल, फोन: ०१–४५१९१९३, ४५२२१०८, भीष्म राज योङहाङ ९८४१३१८९११ Email: sunkoshi.kathmandu@gmail.com

जापानमा रोजगार कम्पनी : KIND KNOT COOPERATIVE शहर : JAPAN
पूर्व स्वीकृत मिति : २०८३/०४/२७ चलानी नं.: ६०२५९५९७ LT. No.: 346266

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब Japanese Yen	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Scaffolding	2	0	स. काममा दक्ष	200084	१९१८८४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	३ वर्ष

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि शुल्क

प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।
दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरू:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिबद्धता सम्बन्धि कागजको प्रतिलिपि ।
१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले २८ दिन भित्र
२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको) कुल खर्च : नि शुल्क
३) प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता
वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा बिमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् । १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।
नोट: जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ । जापान सरकारले औद्योगिक प्रशिक्षार्थीको रुपमा लिने, कुनैपनि कामको बारेमा अनुभवी प्रशिक्षकबाट तालिमको पनि व्यवस्था छ । साथै औद्योगिक प्रतिष्ठानमा प्रयोग हुने व्यावहारिक जापानिज भाषा अडियो तथा भिडियोको माध्यमबाट जापानिज भाषा सिकाइनेछ ।

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८३ भदौ ८ गते (24 August 2026) मा हुनेछ ।

WORLDWIDE RECRUITMENT SERVICES PVT.LTD.
Samakhusi Chowk, Kathmandu, Nepal, Tel :+977-1-5363716, 9841893098
Email: wrsnepal@gmail.com, Website: http://wrsnepal.com
Govt. Lic. No.: 1617/079/80

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०६/१३ मा दर्ता भएको **प्रा.लि.नं. २४३३४३** को **आर.टी. ट्रान्सपोर्ट प्रा. लि.** को मिति २०८३/०४/२२ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्वीडेटर: गोपाल खतिवडा (इजाजत नं. ६१५)
ठेगाना: का.म.न.पा.-९, काठमाण्डौ
सम्पर्क: ९८६३५४२२९०

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतीस) दिने सूचना

(प्रकाशित मितिः २०८३।०५।०१ को मध्यान्ह राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरि, नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानून तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असूल उपर गरिनेछ । कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

तपसिल

ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र धितो लेखिदिएको सम्पत्तिको विवरण:

१. ऋणीको नामः शिव शंकर कृषि फर्म **कर्जा शिर्षकः** आवधिक कर्जा
(प्रदेश सरकार, १ नं. प्रदेश, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय मोरङ्ग, विराटनगरमा दर्ता रहेको), दर्ता नं.: १६७२८/०७७/०७८, दर्ता मितिः २०७७/०४/१६, स्थायी लेखा नं.: ६१५६४७९३३, ठेगानाः मोरङ्ग जिल्ला, बुढीगंगा गा.पा., वडा नं. ६ ।
प्रोप्राईटरः
हिरा कटेल खतिवडाः ना.प्र.प.नं (जारी मिति/स्थान): ०५-०१-७५-०२४५०(२०७५/०२/२४/मोरङ्ग), बाबुको नामः तेज प्रसाद कटेल, ससुराको नामः शेषनाथ खतिवडा, पतिको नामः राजेश कुमार खतिवडा, ठेगानाः मोरङ्ग जिल्ला, बुढीगंगा गा.पा., वडा नं. ६ ।
व्यक्तिगत जमानतकर्ताः
राजेश कुमार खतिवडाः ना.प्र.प.नं (जारी मिति/स्थान): ३७५७१/१२३११(२०५५/०३/०३/उदयपुर), बाजेको नामः डम्वरनाथ खतिवडा, बाबुको नामः शेषनाथ खतिवडा, ठेगानाः उदयपुर जिल्ला, बेल्टार गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, बुढीगंगा गा.पा., वडा नं. ६ ।
धितो लेखिदिएको सम्पत्तिको विवरणः
क. तेज प्रसाद कटेलको छोरी, शेषनाथ खतिवडाको बुहारी, राजेश कुमार खतिवडाको पत्नी, मोरङ्ग जिल्ला, बुढीगंगा गा.पा., वडा नं. ६ बस्ने **हिरा कटेल खतिवडा**को नाममा मालपोत कार्यालय विराटनगर, मोरङ्गको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला, डंग्राह गा.वि.स./न.पा., वडा नं. २, नक्सा सिट नं. २ख स्थित कि.न. ४० को क्षेत्रफल ०-२-१५-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत ।
ख. डम्वरनाथ खतिवडाको नाति, शेषनाथ खतिवडाको छोरा, उदयपुर जिल्ला, बेल्टार गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, बुढीगंगा गा.पा., वडा नं. ६ बस्ने **राजेश कुमार खतिवडा**को नाममा मालपोत कार्यालय विराटनगर, मोरङ्गको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला, डंग्राह गा.वि.स./न.पा., वडा नं. २, नक्सा सिट नं. २ख स्थित कि.न. ३६ को क्षेत्रफल ०-२-१०-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत ।

२. ऋणीको नामः जय माँ मनकामना ट्रेडर्स **कर्जा शिर्षकः** क्यास क्रेडिट
(प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा दर्ता रहेको), दर्ता नं. ७७१/०७५/०७६, दर्ता मितिः २०७५/०९/१२, स्थायी लेखा नं. ६०८९६१६०८, ठेगानाः चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ५ ।
प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः
अप्सरा पौडेलः ना.प्र.प.नं. (जारी मिति/स्थान): ३५२६२(२०५९/०१/२६/ पर्वत), बाबुको नामः राम चन्द्र पौडेल, ससुराको नामः कृष्ण प्रसाद अधिकारी, पतिको नामः राजु अधिकारी ठेगानाः पर्वत जिल्ला, आथर डांडाखर्क गा.वि.स वडा नं. ९, स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ५ ।
व्यक्तिगत जमानतकर्ताः
राजु अधिकारीः ना.प्र.प.नं. (जारी मिति/स्थान): १०८७२१२७ (२०५४/०४/१३/पर्सा), बाजेको नामः उमा प्रसाद अधिकारी, बाबुको नामः कृष्ण प्रसाद अधिकारी, ठेगानाः पर्सा जिल्ला, वेलवा गा.वि.स., वडा नं. ८, स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ५ ।

३. ऋणीको नामः राजु अधिकारी **कर्जा शिर्षकः** आवास कर्जा
ना.प्र.प.नं. (जारी मिति/स्थान): १०८७२१२७ (२०५४/०४/१३/पर्सा), बाजेको नामः उमा प्रसाद अधिकारी, बाबुको नामः कृष्ण प्रसाद अधिकारी, ठेगानाः पर्सा जिल्ला, वेलवा गा.वि.स., वडा नं. ८, स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ५ ।
व्यक्तिगत जमानतकर्ताः
अप्सरा पौडेलः ना.प्र.प.नं. (जारी मिति/स्थान): ३५२६२(२०५९/०१/२६/ पर्वत), बाबुको नामः राम चन्द्र पौडेल, ससुराको नामः कृष्ण प्रसाद अधिकारी, पतिको नामः राजु अधिकारी ठेगानाः पर्वत जिल्ला, आथर डांडाखर्क गा.वि.स वडा नं. ९, स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ५ ।
ऋणी जय माँ मनकामना ट्रेडर्स र ऋणी राजु अधिकारीको लागि धितो लेखिदिएको सम्पत्तिको विवरणः
उमा प्रसाद अधिकारीको नाति, कृष्ण प्रसाद अधिकारीको छोरा, पर्सा जिल्ला, वेलवा गा.वि.स., वडा नं. ८, स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ५ बस्ने **राजु अधिकारी**को नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, कल्याणपुर गा.वि.स./न.पा. वडा नं./नक्सा सिट नं. ९ स्थित कि.न. ३०७७ को क्षेत्रफल ३३८.६३ व.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत ।

४. ऋणीको नामः अनुभा सप्लायर्स **कर्जा शिर्षकः** क्यास क्रेडिट र डिमाण्ड कर्जा
(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय सुनसरीमा दर्ता रहेको), दर्ता नं.: ३४०२/०७१/०७२, दर्ता मितिः २०७१/०७/३०, स्थायी लेखा नं.: ६००२८६६५९, ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. ४ ।
प्रोपाईटर तथा व्यक्तिगत जमानतकर्ताः
हरि भट्टराईः ना.प्र.प.नं (जारी मिति/स्थान): ०६/३८०५/३४८३/०३४(२०४६/०३/२१/धरान, सुनसरी), बाजेको नामः त्रिलोचन भट्टराई, बाबुको नामः मेघनाथ भट्टराई, ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. ४ ।
व्यक्तिगत जमानतकर्ताहरुः
क. विन्दा देवि भट्टराईः ना.प्र.प.नं (जारी मिति/स्थान): ७९६(क)/६९८६(२०३५/०७/०३/सुनसरी), बाबुको नामः नर बहादुर भण्डारी, ससुराको नामः त्रिलोचन भट्टराई, पतिको नामः मेघनाथ भट्टराई, ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. ४ ।
ख. अनुभा बिश्वासः ना.प्र.प.नं (जारी मिति/स्थान): ७६०८४५७६(२०५५/०९/०१/सप्तरी), बाबुको नामः असिम बिश्वास, ससुराको नामः मेघनाथ भट्टराई, पतिको नामः हरि भट्टराई, ठेगानाः सप्तरी जिल्ला, राजविराज गा.वि.स., वडा नं. ७ ।

५. ऋणीको नामः हरि भट्टराई **कर्जा शिर्षकः** व्यक्तिगत ओभरड्राफ्ट
ना.प्र.प.नं (जारी मिति/स्थान): ०६/३८०५/३४८३/०३४(२०४६/०३/२१/धरान, सुनसरी), बाजेको नामः त्रिलोचन भट्टराई, बाबुको नामः मेघनाथ भट्टराई, ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. ४ ।
व्यक्तिगत जमानतकर्ताहरुः
क. विन्दा देवि भट्टराईः ना.प्र.प.नं (जारी मिति/स्थान): ७९६(क)/६९८६(२०३५/०७/०३/सुनसरी), बाबुको नामः नर बहादुर भण्डारी, ससुराको नामः त्रिलोचन भट्टराई, पतिको नामः मेघनाथ भट्टराई, ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. ४ ।
ख. अनुभा बिश्वासः ना.प्र.प.नं (जारी मिति/स्थान): ७६०८४५७६(२०५५/०९/०१/सप्तरी), बाबुको नामः असिम बिश्वास, ससुराको नामः मेघनाथ भट्टराई, पतिको नामः हरि भट्टराई, ठेगानाः सप्तरी जिल्ला, राजविराज गा.वि.स., वडा नं. ७ ।
ऋणी अनुभा सप्लायर्स र ऋणी हरि भट्टराईको लागि धितो लेखिदिएको सम्पत्तिको विवरणः
नर बहादुर भण्डारीको छोरी, त्रिलोचन भट्टराईको बुहारी, मेघनाथ भट्टराईको पत्नी, सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. ४ बस्ने **विन्दा देवि भट्टराई**को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा., वडा नं./नक्सा सिट नं. ४ स्थित कि.न. ३२४ को क्षेत्रफल ०-१-१८-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

ग्यास वितरणमा चुक्यो सरकार

भौंतारिँदै उपभोक्ता

छबि सापकोटा/मध्यान्ह
काठमाडौं, ३१ साउन

नेपाल आयल निगमले एलपी ग्यास पर्याप्त आपूर्ति गरेको दाबी गरिरहे पनि देशभर अभाव कायमै छ। नागरिक कहाँ ग्यास पाइन्छ भनेर भौंतारिइरहेका छन्। सरकारले शनिबार राजधानीका ५ स्थान र आइतबार ७ स्थानबाट ग्यास वितरण गरेको थियो। ग्यासका लागि बिहानैदेखि लाइन बसे पनि केहीले पाए भने कोही निरास हुँदै फर्किए।

ग्यासको लागि भौंतारिनेमा सबैभन्दा धेरै काठमाडौंमा डेरा गरेर बस्ने विद्यार्थी थिए। भाडामा बस्नेहरू जोसँग एउटा मात्र ग्यास सिलिन्डर छ, उनीहरू सबैभन्दा धेरै समस्यामा परिरहेका छन्। ग्यासको समस्याबाट देशभरका उपभोक्ताले सास्ती व्यहोर्नुपरेको छ। ग्यास कम्पनीबाट मागअनुरूप आपूर्ति गर्न नसक्दा एक महिनादेखि उपभोक्ताले सास्ती भोग्नुपरेको छ। निगमले ७.१ केजी तौल आधा सिलिन्डरबाट १४.२ केजीको भरी सिलिन्डर ग्यास बजारमा पठाउने निर्णय गरेसँगै खाना पकाउने ग्यासको आपूर्ति प्रणालीमा समस्या देखिएको हो।

ग्यासका लागि लाइनमा बसेर पालो कुर्दासमेत डिलरमा ग्यास नआएपछि उपभोक्ता निगमले तोकेको स्थानमै गएर ग्यासको लाइन लाग्न बाध्य भएका छन्। एक महिनाअघि देखि सुरु भएको ग्यासको समस्या समाधान गर्न सरकार चुकेको छ। डिलरमार्फत भन्दा पनि आफ्नै संयन्त्रलाई प्रयोग गर्दा वितरण प्रणाली नै बिग्रिएको छ।

समाधानभन्दा स्टन्ट धेरै

ग्यास बिक्रेता व्यवसायीले खाना पकाउने ग्यासको अभाव समाधान गर्न सरकार गम्भीर नभएको बताएका छन्। सरकार र यसका सम्बन्धित निकायहरू समस्याको दीर्घकालीन समाधान खोज्नुको सट्टा अनावश्यक प्रचारबाजी र दोषारोपणमा मात्रै केन्द्रित भएको ग्यास बिक्रेता महासंघका अध्यक्ष ज्ञानेश्वर अर्यालले बताए।

पछिल्लो चार महिनामा अघिल्लो वर्षको तुलनामा ६० हजार मेट्रिक टन कम एलपी ग्यास आयात भएका कारण बजारमा अभाव सिर्जना भएको महासंघको दाबी छ। महासंघले बजारमा हाल आवश्यकताभन्दा बढी करिब ८० लाख सिलिन्डर छरिएको भन्दै नयाँ सिलिन्डर बिक्री गर्ने होडबाजीले भविष्यमा झन् ठुलो संकट निम्त्याउने चेतावनी दिएको छ। बजारमा सिलिन्डरको संख्या थुप्रिने, तर ग्यासको आयात नबढ्ने अवस्थाले उपभोक्ता र बिक्रेता दुवै मारमा परेको महासंघको भनाइ छ। स्थापित वितरण प्रणालीलाई बाइपास गरेर ग्यास उद्योग र विभिन्न अस्थायी बिक्री केन्द्रबाट सिधै ग्यास बिक्री गर्ने सरकारी निर्णयले अभावलाई थप जटिल बनाएको महासंघले जनाएको छ। बिक्रेतामार्फत वितरण सहज बनाउनुको साटो उद्योगबाटै ग्यास बाँड्ने र अनुगमनका नाममा साना बिक्रेतालाई अनावश्यक दुःख दिने काम भएको व्यवसायीको भनाइ छ। तर, बजारमा देखिएको ग्यास अभाव सहज हुँदै जाने नेपाल आयल निगमले जनाएको छ। निगमका एलपी ग्यास तथा हवाई इन्धन विभागका प्रमुख विनीतमणि उपाध्यायले ग्यासको आपूर्ति व्यवस्था निरन्तर भइरहेको केही दिनमा नै ग्यासको समस्या हट्ने दाबी गरे। उनले भने, '७.१ केजीको सिलिन्डरबाट १४.२ केजीमा एकैपटक जम्प भएपछि त्यसको प्रभाव बजारमा देखिएको हो।'

माग एकैपटक बढ्दा बजारमा ग्यासको खपत बढेको उनको दाबी छ। 'आधाबाट भरी सिलिन्डरमा बढ्दा त्यसको असर मार्केटमा आएको भन्दै उनले मागलाई व्यवस्थापन गर्दै आपूर्ति बढाउनेतर्फ निगम लागिरहेको बताए। उनले भने, 'आजैदेखि सहज भयो भन्न सक्ने अवस्था छैन, तर सहजताको बाटोमा उन्मुख छ।'

अति आवश्यक उपभोक्तालाई लक्षित गरी विभिन्न स्थानबाट ग्यास उपलब्ध गराउने प्रयास निगमले गरेको छ।' निगमले सहज हुने दाबी गरे पनि ग्यासको समस्या सहजभन्दा पनि दिन-प्रतिदिन उपभोक्ता आत्तिरहेका छन्। एक महिनादेखि ग्यास नपाएका उपभोक्ता ग्यासको सहज हुनेमा ढुक्क देखिँदैनन्। उपभोक्ता अधिकारकर्मी निगमको व्यवस्थापकीय कमजोरीकै कारण ग्यासको हाहाकार भइरहेको बताएका छन्। अन्य समयभन्दा ग्यास बढी आयात भइरहेको छ, तर जनतामा सरकारसँग विश्वासको वातावरण नबन्दा घरमा ग्यास नसकिँदै उपभोक्ता फेरि लाइनमा पुग्न थालेका छन्।

निगमले असार ३१ गतेदेखि १४.२ केजीको भरी सिलिन्डर ग्यास बिक्री सुरु गरे पनि एक महिना हुँदासमेत ग्यासको सहजता हुन सकेको छैन। एक महिनामा देशभर ३५ लाख सिलिन्डरभन्दा बढी ग्यास खपत हुने गरेको छ। तर, पूरा सिलिन्डर दिन सुरु गरेपछि साउन महिनामा ५४ हजार टन ग्यास नेपाल भित्रिँदा ३८ हजारभन्दा धेरै ग्यास सिलिन्डर भर्न पुगे पनि ग्यासको हाहाकार उस्तै छ। मागभन्दा बढी ग्यास आयात हुँदासमेत आमनागरिकले कहाँ ग्यास बाडिँदै छ भनेर भौंतारिनुपरेको छ।

नाइमामा एक्स्पोमा उत्साह

३५ सय गाडी २ हजार बाइक बुकिङ

काठमाडौं/मस- नेपाल अटोमोबाइल्स इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा)को आयोजनामा भएको नाइमा नेपाल मोबिलिटी एक्स्पो-२०२६ मा १ लाख ८० हजारले अवलोकन गरेका छन्। साउन २६ गतेबाट काठमाडौंको भृकुटीमण्डपमा सुरु भएको एक्स्पो गत वर्षको भन्दा उत्साहजनक रहेको नाइमाले बताएको छ। एक्स्पोमा करिब ३५ सय गाडी र करिब २ हजार दुईपांग्रे सवारी साधन बुकिङ भएको व्यवसायीको भनाइ छ।

नाइमा एक्स्पोमा सबैभन्दा बढी बुकिङ गर्नेमा चारपांग्रे सवारीसाधनमा बिवाइडी नै सबैभन्दा धेरै रहेको छ। बिवाइडी एक हजार युनिट बुकिङ भएको साइमेक्स इकले जनाएको छ। यस्तै, एक्स्पोमा चेरी, महिन्द्रा हुन्डाई लिपमोटरका गाडीको बुकिङ धेरै भएको छ।

नाइमा एक्स्पो संयोजक गौरव सारडाले अटो सोमा ३० देखि ४० लाखका गाडी उपभोक्ताको रोजाइमा परेको बताए। अटो सोले गाडी खरिद गर्ने नयाँ ग्राहक थपिएको भन्दै उनले अटो एक्स्पो उत्साहजनक भएको बताए। एक्स्पोमा दुईपांग्रेमा एथर, ट्राइम्फ, रोयल इन्फिल्ड, याडिया, सबैभन्दा धेरै बुकिङ भएका छन्। प्रदर्शनीमा सवारीसाधनप्रति उपभोक्ताको चासो तथा बुकिङको ट्रेन्डले बजारप्रतिको सकारात्मक मनोविज्ञानलाई प्रतिविम्बित गरेकामा व्यवसायीहरू उत्साहित देखिएका छन्। दोस्रो संस्करणको नाइमा मोबिलिटी एक्सपोमा ५३ ब्रान्डका दुईपांग्रे, चारपांग्रे तथा कमर्सियल सवारीको सहभागिता थियो। एक्स्पोमा स्वदेशी तथा बहुराष्ट्रिय सवारीसाधन निर्माता र आयातकर्ताको उल्लेख्य सहभागिता रहेको थियो। एक्स्पोमा नेपालमा पहिलोपटक प्रवेश गरेका ब्रान्डदेखि अन्य नयाँ मोडलका विद्युतीय कार, ई-स्कुटर तथा विद्युतीय व्यावसायिक सवारीसाधन मुख्य आकर्षणका रूपमा रहेका थिए।

प्रोटोनका दुई इलेक्ट्रिक गाडी लोकप्रिय

काठमाडौं/मस- भृकुटीमण्डपमा आयोजना गरिएको 'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६'मा प्रोटोनका इलेक्ट्रिक एसयुभीहरूले व्यापक रूपमा ग्राहकको ध्यान आकर्षित गरे। एक्स्पोको हल 'बी'स्थित स्टल 'एल-६'मा प्रदर्शनमा राखिएका भर्खरै सार्वजनिक गरिएका नयाँ इ.मास ५का साथै गत वर्ष नै सार्वजनिक भएका इ.मास७ प्रति अवलोकनकर्ताले विशेष चासो देखाएका थिए। प्रोटोनको स्टलमा गाडी अवलोकन गर्न र यसका विशेषताबारे बुझ्न तथा मूल्य, स्वामित्व र बुकिङका विकल्पबारे थाहा पाउन ग्राहकको उपस्थिति बढेको थियो।

आधुनिक सहरी जीवनशैलीलाई लक्षित गरी निर्माण गरिएका कम्प्याक्ट इलेक्ट्रिक एसयुभी 'प्रोटोन इ.मास ५'ले आफ्नो रियर-ह्विल-ड्राइभ प्लेटफर्म, सामान व्यवस्थापनका लागि स्मार्ट स्टोरेज सुविधा, १४.६ इन्चको फुल एचडी डिस्प्ले युनिट, ३७५ लिटरको बुट स्पेस, बाह्य विद्युतीय उपकरण चलाउन मिल्ने भेहिकल टु-लोड प्रविधि र जि-ट्रयाक्सन कन्ट्रोल सिस्टमका कारण अवलोकनकर्ताको ध्यानाकर्षण गरेको हो। कम्प्याक्ट बनावट र उपयोगी विशेषतासहित प्रोटोन इ.मास ५ नेपालका सहरी सडकमा दैनिक प्रयोगका लागि उपयुक्त सवारीसाधन हो। प्रोटोन इ.मास ५ 'प्राइम' र 'प्रिमियम' गरी दुई भेरियन्टमा उपलब्ध छ, जसको मूल्य क्रमशः ३२.९९ लाख र ३६.९९ लाख निर्धारण गरिएको कम्पनीले जनाएको छ।

त्यसैगरी, 'प्रोटोन इ.मास ७'ले ग्राहकलाई ठुलो (फुल-साइज) एसयुभिको उत्कृष्ट अनुभव प्रदान गर्दछ। फराकिलो स्पेस, उत्कृष्ट पर्फमेन्स र लामो दूरीको यात्रा गर्नेहरूका लागि पनि यो उत्कृष्ट विकल्प हो। यसको 'प्राइम' भेरियन्टमा १६० किलोवाटको इलेक्ट्रिक मोटर र ४९.५२ किलोवाट-आवरको एलएफपी ब्याट्री रहेको छ, यसले लगभग ३४५ किमिको डब्लुएलटिपी रेन्ज प्रदान गर्दछ। यसमा एडास प्रविधि र १५.४ इन्चको डिस्प्ले समावेश छ, जसले यसलाई दैनिक छोटो दूरीका यात्राका साथै एक सहरदेखि अर्को सहरसम्म लामो दूरीको यात्राका लागि समेत उपयुक्त बनाउँछ। प्रोटोन इ.मास ७ पनि 'प्राइम' र 'प्रिमियम' गरी दुई भेरियन्टमा उपलब्ध छ, जसको मूल्य क्रमशः ४९.९९ लाख र रु.५९.९९ लाख रहेको कम्पनीको वेबसाइटमा उल्लेख छ।

जगदम्बा मोटर्सले साउन २६ देखि ३१ गतेसम्म आयोजना भएको एक्स्पोमा आएर दुवै गाडीको प्रत्यक्ष अनुभव लिँदै तिनका विशेषता बुझ्न र प्रोटोन टोलीसँग बुकिङका विकल्पबारे थप जानकारी लिन ग्राहकलाई निमन्त्रणा गरेको थियो। त्यसैगरी, नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६मा प्रोटोनको स्टलमा उपस्थित भई प्रोटोनप्रति विश्वास व्यक्त गर्ने सम्पूर्ण ग्राहक तथा अवलोकनकर्तालाई जगदम्बा मोटर्स र सम्पूर्ण प्रोटोन टोली हार्दिक धन्यवाद व्यक्त गर्दछ। प्रोटोनसँगको यात्रामा ग्राहकलाई थप उत्कृष्ट अनुभव प्रदान गर्ने प्रतिबद्धतासहित 'रेडिफाइनिड योर एक्सपेरियन्स विथ प्रोटोन इ.मास' अभियानलाई निरन्तरता दिइने कम्पनीले जनाएको छ।

साथै नाइमामा प्रोटोनको स्टल भिजिट गर्न छुटाएका ग्राहकका लागि 'नाडा अटो सो २०२६'को हल ४ स्थित स्टल नम्बर जी-१५मा आएर प्रोटोनको अनुभव लिन अनुरोध गर्दछौं। साथै, 'नाडा अटो सो २०२६'मा ग्राहकका लागि थप आकर्षक तथा रोमाञ्चक अफर पनि सार्वजनिक गरिने कम्पनीले उल्लेख गरेको छ।

गुल्मीमा दुई महिनादेखि हवाई सेवा प्रभावित

काठमाडौं/मस- प्रतिकूल मौसमका कारण दुई महिनादेखि गुल्मीको हवाई सेवा अवरुद्ध हुँदै आएको छ। प्रतिकूल मौसम, दिनहुँ बाक्लो कुहिरो लाग्नेलगायत कारणले रेसुंगा विमानस्थलबाट हवाई सेवा नियमित हुन सकेको छैन।

रेसुंगा विमानस्थलका स्टेसन प्रमुख सुमन थापाले हवाई सेवा अवरुद्ध हुँदा वृद्ध वृद्धा, बिरामी तथा अत्यावश्यक कामका लागि राजधानीसम्म जाने यात्रु थप समस्यामा परेका जानकारी दिए। उडानका लागि विमानस्थल पुग्ने गरेका यात्रुहरू विमानको प्रतीक्षामा बस्ने बताउँदै उनले अन्तिम समयमा वायु सेवा निगमले प्रतिकूल मौसमका कारण जनाउँदै उडान तालिका रद्द गरेपछि निरास हुँदै फर्कनुपर्ने बाध्यता रहेको उल्लेख गरे।

नेपाल वायु सेवा निगमले सातामा शनिबार, आइतबार र बिहीबार गरी तीन दिन हवाई उडानको तालिका निर्धारण गरेको छ। रेसुंगा विमानस्थलबाट जेठको तेस्रो सातादेखि हवाई उडान अवरुद्ध हुँदै आएको स्टेसन प्रमुख थापाले जानकारी दिए। उनका अनुसार खराब मौसमका कारण टिकट लिएका यात्रु विमानस्थल आएर फर्कनुपर्ने बाध्यता छ। रेसुंगा विमानस्थलमा नेपाल वायुसेवा निगमले १८ सिट क्षमताको ट्विनअटर जहाजमार्फत काठमाडौंबाट बिहान ६:३० बजे र रेसुंगा विमानस्थलबाट बिहान ७:३० बजे उडान भर्दै आइरहेको छ। निगमले काठमाडौंबाट गुल्मीका लागि १० हजार ७१० र गुल्मीबाट काठमाडौंका लागि १० हजार ५१० भाडा दर निर्धारण गरेको छ।

रेसुंगा विमानस्थलमा दिउँसोको समयमा अत्यधिक हावाको चाप हुने भएकाले प्राविधिक दृष्टिकोणले बिहानको समयमा मात्र उडान हुने गरेको स्टेसन प्रमुख थापाले जानकारी दिए। जिल्लामा हवाई उडान सुरु भएसँगै यहाँ आउने आन्तरिक तथा बाह्य पर्यटकको संख्यासमेत वृद्धि हुँदै गएको स्थानीय बताउँछन्। सडकमार्गबाट १२ देखि १६ घण्टासम्मको यात्रा गरेर राजधानी पुग्नुपर्ने यस क्षेत्रका नागरिक आकाशमार्गबाट ४५ देखि ५० मिनेटमा सजिलैसँग राजधानी आवतजावत गर्न सक्नेछन्।

गुल्मीमा नेपाल वायुसेवा निगमले विसं २०८० वैशाख २९ गतेदेखि व्यावसायिक रूपमा हवाई सेवा प्रदान गर्दै आइरहेको छ। पछिल्लो समयमा इन्धनमा भएको मूल्य वृद्धि, सडकको स्तरोन्नति र आरामदायी सार्वजनिक यातायातका साधनको सहज उपलब्धताका कारण रेसुंगा विमानस्थलमा हवाई उडान गर्ने यात्रुको संख्यामा केही कमी आएको विमानस्थल कार्यालयले जनाएको छ।

जेमिनी रिसाइकल नेपालले आइपिओ ल्याउने

इभी ब्याट्री रिसाइकल गर्ने लक्ष्य

विराटनगर/मस- व्यावसायिक घराना दिवाकर राठी र आकाश गोल्छासहित संस्थागत लगानीकर्ताको लगानी रहेको जेमिनी रिसाइकल नेपाल कम्पनी लिमिटेडले सर्वसाधारणका लागि आइपिओ निष्कासन गर्ने भएको छ। कम्पनीको विशेष साधारणसभाले आइपिओ निष्कासनसम्बन्धी प्रस्ताव पारित गर्दै भविष्यमा विद्युतीय सवारीसाधन (इभी)का ब्याट्री रिसाइकल गर्ने महत्वाकांक्षी योजनासमेत अघि सारेको छ।कम्पनीको रजिस्टर्ड कार्यालय बुढीगंगा गाउँपालिका-५, हात्तीमुढा, मोरङमा सम्पन्न विशेष साधारणसभाले कम्पनीको जारी पुँजी ५० करोड रुपैयाँको २० प्रतिशत अर्थात् १० लाख कित्ता सेयर सर्वसाधारणका लागि प्राथमिक सेयर (आइपिओ) मार्फत निष्कासन गर्ने प्रस्ताव पारित गरेको हो।

सभाले कम्पनीको संस्थापक सेयरको मूल्यसमेत निर्धारण गरेको छ। रु. १०० अंकित मूल्यमा रु. ९० प्रिमियम थप गरी प्रतिकित्ता रु. १९० कायम गर्ने निर्णय भएको कम्पनीले जनाएको छ। हाल पुराना ब्याट्री तथा प्लास्टिकजन्य सामग्री रिसाइकल गर्दै आएको जेमिनीले अब इभी

ब्याट्री रिसाइक्लिङलाई आफ्नो भविष्यको नयाँ व्यवसायका रूपमा विकास गर्ने लक्ष्य लिएको छ।

नेपालमा विद्युतीय सवारीसाधनको प्रयोग तीव्र रूपमा बढ्दै गइरहेको अवस्थामा आगामी वर्षहरूमा प्रयोग भइसकेका इभी ब्याट्रीको व्यवस्थापन चुनौतीपूर्ण बन्न सक्ने देखिन्छ। यही सम्भावनालाई अवसरका रूपमा उपयोग गर्दै कम्पनीले प्रयोग भइसकेका इभी ब्याट्रीलाई पुनः प्रशोधन गरी उपयोगी सामग्रीमा रूपान्तरण गर्ने व्यवसायमा प्रवेश गर्ने योजना बनाएको हो।

जेमिनी रिसाइकल नेपालले हाल पुराना ब्याट्री रिसाइकल गरी रिमेल्टेड लिड तथा रिफाइन्ड लिड उत्पादन गर्दै आएको छ। त्यस्तै, आल्मुनियम तथा कपर स्क्र्यापबाट विभिन्न उत्पादन तथा ब्याट्रीजन्य सामग्री र पुराना प्लास्टिकबाट प्लास्टिक दाना तथा चिप्स उत्पादन गर्दै आएको छ। कम्पनीका अधिकांश उत्पादन भारत निर्यात हुँदै आएका छन्। रिसाइकलमार्फत फोहोरलाई औद्योगिक कच्चापदार्थमा रूपान्तरण गर्दै आएको कम्पनीले आगामी दिनमा उत्पादन क्षमता विस्तारसँगै निर्यात बजारसमेत विस्तार गर्ने लक्ष्य लिएको छ। जेमिनी रिसाइकल नेपालको नेतृत्व व्यावसायिक घरानाका दिवाकर राठीले गरेका छन् भने प्रतिष्ठित अटो व्यवसायी गोल्छा अर्गनाइजेसनका आकाश गोल्छा र विलकिशोर मेन्यांग्बो सञ्चालक रहेका छन्। कम्पनीमा टप फन्ड लिमिटेड, स्टार फन्ड इन्भेस्टमेन्ट लिमिटेड र हारवेस्ट भेन्चर्स प्रा.लि.लगायतका संस्थागत लगानीकर्ताको समेत सहभागिता रहेको छ। व्यावसायिक घरानासँगै संस्थागत लगानीकर्ताको सहभागिताले कम्पनीको पुँजी विस्तार, उत्पादन क्षमता वृद्धि, निर्यात विस्तार तथा भविष्यमा इभी ब्याट्री रिसाइक्लिङमा प्रवेश गर्ने योजनालाई थप बलियो आधार प्रदान गर्ने अपेक्षा गरिएको छ। कम्पनीले रिसाइक्लिङलाई केवल उद्योगका रूपमा मात्र नभई वातावरण संरक्षणसँग जोडिएको दीर्घकालीन व्यावसायिक मोडलका रूपमा विकास गर्ने योजना बनाएको छ।

कम्पनीले पब्लिक प्राइभेट पार्टनरसिप मोडलमार्फत घर, उद्योग, सार्वजनिक स्थल तथा सरकारी कार्यालयबाट निस्कने फोहोरलाई व्यवस्थित रूपमा संकलन तथा प्रशोधन गर्ने योजना अघि सारेको छ। यसका लागि आधुनिक प्रविधिको प्रयोगसँगै उपयुक्त एप निर्माण गरी घरदैलो सेवामार्फत फोहोर संकलन तथा व्यवस्थापन गर्ने लक्ष्य समेत कम्पनीले लिएको छ।

एलजीको एआई डिडी २.० वासर एन्ड ड्रायर बजारमा

काठमाडौं/मस- एलजीले एआई डिडी २.० वासर एन्ड ड्रायर बजारमा ल्याएको छ। नेपालको मनसुन मौसममा लामो समयसम्म हुने वर्षा र आर्द्रताका कारण लुगा सुकाउन सक्ने एआई डिडी २.० वासर एन्ड ड्रायर बजारमा ल्याएको कम्पनीले जनाएको छ।

उक्त मेसिनले भिजेका कपडा, बास्ना नजाने समस्या र सुकाउने ठाउँको अभावलगायतको समस्या साधान गर्नेछ। यो एकीकृत लन्ड्री उपकरणले धुने र सुकाउने दुवै काम एउटै मेसिनबाट गर्छ। यो उत्पादन २०/१० केजी, १५/८ केजी, ११/७ केजी र ८/६ केजी गरी विभिन्न क्षमतामा उपलब्ध रहेका छन्। यसले

विभिन्न आकारका परिवारका आवश्यकता पूरा गर्छ। स्मार्ट फ्याब्रिक केयर र ड्राइडका लागि उन्नत प्रविधि एलजी एआई डिडी वासर एन्ड ड्रायरमा लन्ड्री केयरलाई अझ प्रभावकारी बनाउने विभिन्न प्रविधि समावेश रहेको कम्पनीले जनाएको छ।

जसमा एआई डिडी २.० प्रविधिले कपडाको प्रकार र तौल स्वतः पहिचान गरी अनुकूलित फ्याब्रिक केयर गर्ने, स्टिम एलर्जी केयर एन्ड स्टिम रिफ्रेसले सामान्य एलर्जेन ९९.९ प्रतिशतसम्म हटाउने र बास्ना कम गर्छ र कपडालाई ताजा बनाउने कम्पनीले जनाएको छ। धुने र सुकाउने दुवै सुविधा एउटै उपकरणमा एकीकृत गरेर एलजी एआई डिडी २.० वासर एन्ड ड्रायरले सूर्यको किरण र अनुकूल मौसममा निर्भर रहने परम्परागत तरिकालाई वैकल्पिक समाधान दिने कम्पनीको भनाइ छ। मनसुनमा एलजी एआई डिडी २.० वासर एन्ड ड्रायरले लन्ड्री केयरलाई सरल र प्रभावकारी बनाउनेछ। एउटै उपकरणमा धुने र सुकाउने सुविधा भएकाले भिजेको मौसममा घरपरिवारलाई बढी सहजता र दक्षता मिल्नेछ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: **०१-५३२६३६६, ०१-५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**